सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ पुस २०८२, शुक्रबार (19 Dec 2025, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २३९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रवि आज छुट्दै

पीडितलाई राहतको खुल्यो बाटो

सुप्रिम सहकारीको मुद्दामा सामूहिक बिगोमध्ये आफ्नो भागमा पर्ने दुई करोड ७४ लाख ८४ हजार बराबरको बैंक जमानत गरेका रविलाई छाड्न उच्च अदालत तुलसीपुरको बुटवल इजलासको आदेश



रविलाई थुनामुक्त गर्न आदेश भएलगतै नक्खु कारागारबाहिर रास्वपा नेता-कार्यकर्ता र शुभेच्छुक । कारागार पुगेका जेन-जी अगुवा पुरुषोत्तम यादवले 'अदालतको स्वागतपूर्ण निर्णय' आएको बताए ।

बचतकर्तालाई न्यायपूर्ण हुने गरी उच्चको आदेश



वासुदेव आचार्य, न्यायाधीश



तेजनारायण पौडेल, न्यायाधीश

रविलाई छाड्ने आदेश दिँदै उच्चले भन्यो-

रवि लामिछानेको निवेदनका सन्दर्भमा विचार गर्दा निजले आफू कार्यरत रहेको संस्थामा सुप्रिम सहकारीबाट रकम प्रवाह भएको बिगोमध्ये दामासाहीले हुने बिगो बैंक ग्यारेन्टी राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ अनुसार बैंक ग्यारेन्टी लिई मुद्दाको पुर्पक्ष गरिपाऊँ भन्ने देखिन्छ । प्रतिवादीले बिगोको हकमा दामासाहीले हुने रकम जमानत दिई बचतकर्ताको बिगो प्राप्त गर्ने सुनिश्चितता गरेको देखियो ।



शुक्रबार जिल्ला अदालत रुपन्देहीमा उपस्थित भएपछि रवि रिहा हुने

बुटवलमा **विष्णु घिमिरे**
काठमाडौंमा **कमलराज भट्ट**

बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा आठ महिनादेखि थुनामा रहेका रास्वपा सभापति रवि लामिछाने शुक्रबार रिहा हुँदै छन् । बिगोबराबरको धरौटी राखेर रिहा हुन उनले गरेको मागअनुसार उच्च अदालत तुलसीपुरको बुटवल इजलासले बिहीबार थुनामुक्त गर्न आदेश दिएको हो ।

मुद्दा सुरु भएको जिल्ला अदालत रूपन्देहीमा शुक्रबार उच्चको आदेशसहित उपस्थित भएपछि मात्रै उनी रिहा हुनेछन् । बिगोबराबर रकम जमानतमा लामिछानेलाई थुनामुक्त गर्न उच्चका न्यायाधीशद्वय वासुदेव आचार्य र तेजनारायण पौडेलको इजलासले आदेश दिएसँगै सहकारीपीडितले बचत प्राप्त गर्ने सुनिश्चितासमेत भएको छ ।

उच्चको आदेशमा भनिएको छ, 'रवि लामिछानेको निवेदनका सन्दर्भमा विचार गर्दा निजले आफू कार्यरत रहेको संस्थामा सुप्रिम सहकारीबाट रकम प्रवाह भएको

» पृष्ठ २ मा क्रमशः

बिहीबारको बुटवल इजलास
बहसमा कसले के भने ?



■ **इजलासमा अधिवक्ता डा. नारायणदत्त कँडेलले भने-**

चितवनमा संगठित अपराध लगाइएको छैन । उक्त अदालत पनि देशभित्रकै हो । अभियोगपत्रमा रोशनी गुरुङ र रवि लामिछानेको नाममा रकम जम्मा भएको भनिएको छ, कम्पनीको खातामा रोशनीको मात्र नाम छ । अपराध संहिताको दफा ९ मा एकै कसुरमा दोहोरो मुद्दा चल्दैन, तर रोशनी गुरुङले पैसा जम्मा गरेको आधारले दुईतिर मुद्दा चल्यो । गृहले चिठी लेखेर त्यसअनुसार प्रहरीले अनुसन्धान गरेको हो, यो क्रिमिनल लको न्यायभित्र पर्दैन । बिगो छुट्याउने सरकारको काम हो, त्यसैकारण हामी जेल बसिरहन मिल्दैन ।

■ **जाहेरीकर्ताको तर्फबाट बहस गरेका सञ्जीव घिमिरेले भने-**

बचत फिर्ता होस् भन्ने मेरो माग हो, व्यक्तिविरुद्ध होइन । तर, मेरो मुद्दा त्योअनुसार गएनछ भन्ने सरोकार लागेर उपस्थित भएँ । संगठित अपराध लगाएर मिलापत्र गर्ने प्रक्रिया नै अलमल्याइयो । मलाई मेरो बचत रकम छिटो फिर्ता हुने बाटो खोलिदिनुपऱ्यो । यो प्रक्रियालाई ढिला गरिदिएर ममाथि अन्याय भयो । म अरू केही जान्दिनँ जिल्लाले पैसा दिलाइदिएर मैले न्याय पाऊँ ।

बुटवल/ बिहीबार उच्च अदालतमा रवि लामिछानेको तर्फबाट अधिवक्ताहरू महेन्द्र पाण्डे, बाबुराम पाण्डे, डा. नारायणदत्त कँडेल र दीपेन्द्र झाले बहस गरे । छविलाल जोशीको तर्फबाट वरिष्ठ अधिवक्ता शिवप्रसाद गौडेल, अधिवक्ताहरू

» पृष्ठ २ मा क्रमशः

एमालेमा ओली वर्चस्व पुनः स्थापित

नेतृत्वमा 'ह्याट्रिक' गरेका ओलीले शपथबाटै आन्दोलनको तयारीमा बस्न पार्टीपंक्तिलाई अपिल गरेर आगामी दिनमा सम्भावित टकरावको राजनीति गर्ने सन्देश दिएका छन्

२२६३ मतदाता २२२७ मतदान

■ उपाध्यक्षमा पृथ्वीसुब्बा गुरुङ, उपमहासचिवमा लेखराज भट्ट र सचिवमा महेश बस्नेतको सर्वाधिक मत

सबैभन्दा धेरै २१२० मत केन्द्रीय सदस्य प्रतीक्षा तिवारीलाई

■ पदाधिकारीमा एक्ली महिला पद्मा अर्याल, तीन महिला पराजित

■ पदाधिकारीमा भौगोलिक र जातीय समावेशी, कर्णालीमा पहिलो सचिव

पदाधिकारीमा जसले डेब्यु गरे

उपाध्यक्ष रघुजी पन्त तथा सचिवहरू महेश बस्नेत, हिक्मत कार्की, शेरधन राई, डा. राजन भट्टराई, यामलाल कँडेल, खगराज अधिकारी र भानुभक्त ढकाल

ईश्वर-सुरेन्द्रलाई ओलीको निषेध राजनीति, शपथमा समेत डाकेनन्



एमालेको अभियानमा अटुट रहनेछु
● ईश्वर पोखरेल

शुरोजंग पाण्डे, प्रेम गौतम

भनै शक्तिशाली र प्रभावशाली नेताका रूपमा उदाउँदै केपी ओली एमालेको तेस्रो कार्यकालका लागि अध्यक्षमा निर्वाचित भएका छन् । ११औँ महाधिवेशनमा नेतृत्वका लागि भएको मतदानमा ईश्वर पोखरेललाई भारी मतान्तरले पराजित गर्दै ओलीले पार्टीमाथि आफ्नो वर्चस्व पुनः स्थापित गरेका छन् ।

अन्तरपार्टी लोकतन्त्रको आवाज उठाउने पक्षलाई पराजित गर्दै ओलीले पदाधिकारीदेखि केन्द्रीय कमिटीसम्म आफ्नै समूहको बलियो पकड सुनिश्चित गरेका छन् । अध्यक्षमा 'ह्याट्रिक' पूरा गरेका ओलीले पहिलो सम्बोधनमै संघर्षमुखी राजनीति र टकरावको बाटो रोज्ने सन्देश दिएका छन् । सरकारसँग सीधा राजनीतिक मुठभेड गर्ने ओलीको संकेत छ ।

जेन-जी आन्दोलनको दबाबपछि प्रधानमन्त्री पदबाट हट्दा केही समय रक्षात्मक

» पृष्ठ २ मा क्रमशः

■ एमालेको अबको नेतृत्व



■ विजयी केन्द्रीय सदस्यहरूको सूची (प्राप्त मतसहित) पृष्ठ २

■ शपथमै ओलीको चेतावनी : एमाले नेतृत्वमाथि छोएको दिन देश ठप्प पार्नुपर्छ, यो सरकार ढाल्नुपर्छ

एमाले नेतृत्वमाथि अनेक प्रकारका जालझेल भए । अहिले भौतिक आक्रमणको प्रयास गर्ने र जाली-झुटा मुद्दा लगाउने हल्ला मच्चाइएको छ । मिडिया ट्रायल गरेर हल्ला चलाएको हुन सक्छ । म भन्न चाहन्छु- एमाले नेतृत्वमाथि छोएको दिन देश ठप्प हुनुपर्छ । देशभर प्रदर्शन हुनुपर्छ । यो सरकार ढाल्नुपर्छ । यसका लागि एमाले देशभर तयारी अवस्थामा बस्नुपर्छ । कुरा होइन, काम गरेर देखाउनुपर्छ । केपी ओलीविनाको एमाले भन्ने प्रतिक्रियावादीहरूको जुन चेष्टा थियो, त्यसलाई तपाईंहरूले ध्वस्त पार्नुभएको छ । त्यसैले पार्टी नेतृत्वमा पुनः विश्वास व्यक्त गरिएकोप्रति आभार प्रकट गर्दछु । मेरो इतिहास हेरेर तपाईंहरूले फेरि जुन विश्वास दिनुभएको छ, त्यसका लागि तपाईंहरूलाई धन्यवाद दिन चाहन्छु । धेरैले एमाले फुट्ने आशा गरेका थिए, फुट्छ भनेर धुप हालिराखेका थिए, तर तिनको धुप खेर जान्छ । महाधिवेशनपछि एमाले अझ मजबुत भएर अगाडि जान्छ ।

दलका नेताहरूको प्रतिक्रिया



● **मीन विश्वकर्मा,** प्रचार विभाग प्रमुख, कांग्रेस
वर्तमान चुनौतीको सामना गर्न मिलेर जान सक्ने अवस्था रहन्छ

● **देव गुरुङ,** नेता, नेपाली कम्युनिस्ट पार्टी
नेपाली राजनीतिमा उल्लेख्य मात्रामा कुनै परिवर्तन ल्याउँदैन





● **मनीष झा,** प्रवक्ता, रास्वपा
एमालेले परिवर्तन स्वीकार नगरेको सन्देश गएको छ

विश्लेषकको टिप्पणी



● **कृष्ण पोखरेल,** राजनीतिशास्त्रका प्राध्यापक
पार्टीभित्रको विजय आधा मात्रै हो, खास चुनौती आमनिर्वाचन हो

● **श्याम श्रेष्ठ,** राजनीतिक विश्लेषक
एमाले एक व्यक्तिको आदेशमा चल्ने पार्टीमा रूपान्तरित भयो





● **डा. दीपेश घिमिरे,** उपप्राध्यापक, त्रिवि
एमालेभित्र कन्जरभेटिभ धार बलियो रहेछ भन्ने पुष्टि भयो

■ सरकारी अध्ययन समितिको प्रतिवेदन

सरकारले नै नाफा लिएर इम्बोस्ड जडान महँगो बनाएको निष्कर्ष



नम्बर प्लेट, छपाइ प्लान्ट, आरएफआइडी गेट, सफ्टवेयर, कन्ट्रोल रुम, सर्भिस चार्ज, जनशक्ति, नाफासमेतको सम्पूर्ण भार इम्बोस्ड जडान गर्ने चालकमा थोपरिएको छ । यसले इम्बोस्ड जडानलाई महँगो बनायो । (विस्तृत पृष्ठ ३)

■ पुँजी बजारबाट सरकारले पाउने आम्दानी ६२ प्रतिशत घट्यो

सेयर लगानीकर्ताले पाँच महिनामा तिरे तीन अर्ब ४४ करोड पुँजीगत लाभकर

गत आव ०८१/८२ को मंसिरसम्म पुँजी बजारबाट नौ अर्ब २० करोड सरकारी कोषमा दाखिला भएकोमा यो वर्ष करिब ६ अर्ब कम संकलन । (विस्तृत पृष्ठ ६)



उपत्यकाबाहिरका सरकारी अस्पतालमा नहुने क्यान्सरको ल्याब परीक्षण अब टेकु प्रयोगशालामा

सम्बन्धित अस्पतालबाटै नमुना झिकाइन्छ, बिरामी धाउनुपर्दैन काठमाडौं

शिवहरि घिमिरे / नयाँ पत्रिका

उपत्यकाबाहिरका प्रादेशिक, जिल्लालगायत अस्पतालमा हुन नसक्ने ल्याब परीक्षण काठमाडौंको टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट गर्न थालिएको छ । यसका लागि बिरामी काठमाडौं धाउनुपर्दैन, सम्बन्धित अस्पतालबाटै नमुना झिकाएर परीक्षण गरिन्छ । प्रयोगशालाले देशैभरका अस्पतालसँग सम्झौता गरी क्यान्सर र संक्रामक रोगहरूको ल्याब परीक्षण सेवा दिन थालेको हो ।

प्रयोगशालाले नमुना झिकाएर परीक्षण गरेपछि सम्बन्धित अस्पतालमा भने अनलाइनमार्फत रिपोर्ट पठाइदिन्छ । पाँच महिनायता प्रयोगशालाले अस्पतालहरूसँग यस्तो सम्झौता सुरु गर्दै ल्याब परीक्षण गर्दै आएको

» पृष्ठ २ मा क्रमशः



सुर्खेत अस्पतालसँग बिहीबार ल्याब परीक्षण सम्झौता गर्दै जनस्वास्थ्य प्रयोगशालाको टोली

■ यी परीक्षणहरूको सरकारी मूल्यमै रिपोर्ट तयार

प्रयोगशालाले उपत्यकाबाहिरका अस्पतालबाट आएका नमुनाको मुख्यतः क्यान्सर स्पेसिफिक टेस्टअन्तर्गत बिआरसिए वान र बिआरसिए टु तथा संक्रामकअन्तर्गत हिस्टोप्याथोलोजिकल र मलिकुर टेस्ट गर्छ । ब्रेस्ट क्यान्सर, पाठेघरको मुखको क्यान्सर परीक्षण ल्याब उपत्यकाबाहिरका अधिकांश अस्पतालमा छैन । जसकारण अधिकांश बिरामी चर्को मूल्य तिरेर निजीमा परीक्षण गराउन बाध्य छन् ।

नमुना आएको तीन दिनभित्र रिपोर्ट पठाउँछौं



● **सन्तोष सुवेदी**
सूचना अधिकारी, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

उपत्यकाबाहिरका अस्पतालहरूबाट नमुना झिकाउनका लागि प्रयोगशालाले डेडिकेटेड टिम परिचालन गरेको छ । जतिसक्दो छिटो नमुना संकलन गर्ने र रिपोर्ट निकाल्ने संयन्त्र नै तयार पारिएको छ । तत्कालका लागि क्यान्सर र संक्रामक रोगसम्बन्धी विशिष्टीकृत नमुना परीक्षण गर्ने सम्झौता गरिएको छ । नमुना आएको तीन दिनभित्र रिपोर्ट पठाइन्छ । कतिपय ल्याबहरू काठमाडौंका केही अस्पताल र टेकुको जनस्वास्थ्य प्रयोगशालामा मात्रै छ । जिल्ला अस्पताल र प्रादेशिक स्तरमा भएका अस्पतालहरूसँग समन्वय गरेर सरकारी शुल्कमै बिरामीको ल्याब परीक्षण गरेर रिपोर्ट पठाउने सम्झौताले बिरामीलाई निकै सहज हुनेछ ।

एमालेमा...

पृष्ठ १ बाट क्रमशः

देखिएका ओली निर्वाचित भएसँगै पुनः आक्रामक शैलीमा फर्किएका छन्। उनको अभिव्यक्तिले मूलतः आसन्न २१ फागुनको निर्वाचन, २३-२४ भदौको घटना छानबिन गर्न गठित जाँचबुझ आयोगको कामकारबाही प्रभावित हुने प्रस्ट जनाउ गरेको छ। जेन-जी आन्दोलनले प्रधानमन्त्रीबाट सत्ताच्यूत भएपछि उनको नेतृत्व र कार्यशैलीलाई लिएर एमालेभित्रै प्रश्न थिए भने बाहिरबाट पनि नेतृत्व हस्तान्तरण गर्न सुझाव थिए। यही वेला उनले महाधिवेशन आयोजना गरेर आफूसहित तीन सय एकसदस्यीय केन्द्रीय कमिटी नै पूरै चुनावी प्रतिस्पर्धाबाट निर्वाचित गराएर आफूलाई पार्टीभित्र अनुमोदन गराएका छन्। यसअघि उनी ०७१ को नवौँ र ०७८ को १० औँ महाधिवेशनबाट अध्यक्ष निर्वाचित भएका थिए। बुधबार बिहानैदेखि बिहीबार बिहानसम्म झन्डै २४ घण्टाको मतदानमा कुल खसेको दुई हजार २२७ मतमा ओलीले एक हजार ६६३ मत पाउँदा प्रतिस्पर्धी पोखरेलले ५६४ मत मात्र पाएका छन्। ओलीले पोखरेललाई एक हजार ९९ मतले पराजित गरेका छन्। पोखरेलले कुल मतको करिब २५ प्रतिशत मत मात्रै पाए।

दलका नेताको धारणा

● **मीन विश्वकर्मा**, प्रमुख, कांग्रेस प्रचार विभाग : विगतभन्दा एमालेको यो महाधिवेशनमा अलि खुला र लोकतान्त्रिक अभ्यास भयो। यसले विधि र लोकतान्त्रिक प्रक्रिया बलियो बनाउन सहयोग पुऱ्याउँछ। अहिलेको व्यवस्था ल्याउन र संविधान निर्माणमा भूमिका खेल्नुभएका तथा व्यवस्थाको संरक्षणका लागि योगदान गर्नुभएका केपी ओली पार्टीबाट पुनः अनुमोदित हुनुभएको छ। यसले विधि र व्यवस्थाको रक्षा र वर्तमान चुनौतीको सामना गर्न मिलेर जान सक्ने अवस्था रहन्छ।

● **देव गुरुङ**, नेता, नेपाली कम्युनिस्ट पार्टी : महाधिवेशनबाट नयाँ नीति, विचार र रणनीति आउनुपर्ने हो। तर, एमालेमा पुरानै निरन्तरता देखिन्छ। विगतकै नेतृत्वको लाइन पास भएको छ। सोही ढंगले नेतृत्व कमिटी चयन भएको छ। केही साथीहरूले परिवर्तन गर्न खोजे पनि सक्नुभएन। लोकतान्त्रिक अभ्यास फलो गर्नुपर्छ भन्ने धारलाई प्रतिनिधिले अनुमोदन गरेनन्। नेपाली राजनीतिमा उल्लेख्य मात्रामा कुनै परिवर्तन ल्याउँदैन। यही स्थितिमा परिवर्तन हुने आशा-अपेक्षा पनि गर्न सकिँदैन।

● **मनीष झा**, प्रवक्ता, रास्वपा : लोकतान्त्रिक पद्धति र महाधिवेशनको प्रक्रियालाई सकारात्मक लिनुपर्छ। राजनीतिमा कहिलेकाहीँ प्रतिक्रियाभन्दा प्रक्रिया महत्त्वपूर्ण हुन्छ। एमालेले आँट गरेर महाधिवेशन गऱ्यो। त्यो राम्रो कुरा हो। तर, एमालेले परिवर्तन स्वीकार नगरेको सन्देश गएको छ। जेन-जी आन्दोलनको मर्म र भावनामा ध्यान गएको देखिएन। नेतृत्व हस्तान्तरण स्वीकारेको देखिएन।

विश्लेषकको धारणा

● **कृष्ण पोखरेल** : आफूहरू पराजित भए पनि 'सर्वसम्मति नै सर्वोत्तम लोकतन्त्र हो' भन्ने सोच विस्थापित गर्दै एमालेका केही नेताले आन्तरिक लोकतन्त्र जोगाउने काम गरे। जेन-जी आन्दोलनपछि युवाहरूको वर्चस्व भएको पार्टी बन्ला भन्ने थियो, त्यो बनेन। एमालेभित्र यथास्थिति नै बलियो रहेछ भन्ने सन्देश गएको छ। ओलीले जित्ने त 'टेकन फर ग्रान्टेड' नै थियो। यति धेरै सदस्यसहित जित्ने पनि अनपेक्षित थिएन। तर, निर्वाचित भएपछि उहाँले दिएको अभिव्यक्तिले उहाँमा अहं छ भन्ने देखाउँछ। पार्टीभित्रको विजय आधा मात्रै हो, खास चुनौती आमनिर्वाचन हो। पार्टीमा जस्तै आमनिर्वाचनमा हुने स्थिति देखिँदैन।

● **दीपेश घिमिरे** : जेन-जी आन्दोलनपछि सबैभन्दा पहिलो महाधिवेशन गर्ने र प्रतिस्पर्धाबाट नयाँ नेतृत्व छान्ने राम्रो पक्ष हो। तर, जेन-जी विद्रोह र त्यसका मुद्दालाई महत्त्व दिएको देखिएन। एमालेभित्र प्रोग्रेसिभ धार कमजोर र कन्जरभेटिभ धार बलियो रहेछ भन्ने भयो। यसको दीर्घकालीन असर पार्टी र समाजले पनि भोग्नुपर्छ। एउटै किसिमको दृष्टिकोण राख्नेहरूको मात्रै प्रभुत्व हुँदा भोलिको दिनमा लिने निर्णय बहुआयामिक नहुन सक्छ। यसले एमालेलाई र ठुलो दलको हिसाबले देशलाई पनि असर पार्छ। नतिजाले एउटा पक्षले वञ्चितीकरणमा परेको अनुभव गरिरहेको देखिन्छ। यसले आसन्न निर्वाचनमा असर पार्न सक्छ। निर्वाचनको नतिजा एमालेका लागि सुखद नहुन सक्छ।

विजयी केन्द्रीय सदस्यहरू

सुदूरपश्चिम : ९	
■ **खुला** (५)	
चक्रबहादुर मल्ल	१४८६
यज्ञबहादुर बोगटी	१३१०
पठानसिंह बोहरा	१२९५
सहदेव बोगटी	११८१
लीलाधर भट्ट	११५०
■ **युवा** (१)	
गोविन्द गिरी	१५५५
■ **महिला** (३)	
लीलाकुमारी भण्डारी	१५९२
कमलाकुमारी ओली	१५७१
भागिरथी सिंह	१४३१
कर्णाली : ९	
■ **खुला** (५)	
जितबहादुर मल्ल	१९५६
विष्णु रिजाल	१७९०
नवराज रावत	१७४८
नदल फडेरा	१६०९
डम्बरबहादुर सिंह	१५८८
■ **युवा** (१)	
रुद्रबहादुर शाही	१४१६
■ **महिला** (३)	
मोहनमाया ढकाल	१९२३
इन्दिराकुमारी पन्थी	१८५२
मिनासिंह रखाल	१८१४
लुम्बिनी : ९	
■ **खुला** (५)	
घनश्याम पाण्डे	१५६९
गोपाल राना	१४९१
खड्कबहादुर खड्का	१४७९
भूमिश्वर ढकाल	१४७२
नारायणप्रसाद आचार्य	१४२५
■ **युवा** (१)	
लीलामणि गौतम	निर्विरोध
■ **महिला** (३)	
गुमादेवी आचार्य (गोमा)	निर्विरोध
मेनकाकुमारी पोखरेल	निर्विरोध
शान्तिदेवी ढकाल	निर्विरोध
गण्डकी : ९	
■ **खुला** (५)	
हरिकृष्ण श्रेष्ठ	१७७०
कृष्णबहादुर थापा	१७२७
तिलबहादुर महत क्षेत्री	१५०५
केदार सिग्देल	१४९७
रामशरण बस्नेत	१४१९
■ **युवा** (१)	
नवराज ओझा	११२४
■ **महिला** (३)	
कल्पना चापागाईं	१९८७
सीमाकुमारी क्षेत्री	१९६५
मन्जु शर्मा चालिसे	१७८२
बागमती : ९	
■ **खुला** (५)	
समिककुमार बडाल	१६५०
केशवराज पाण्डे	१५७१
खेमप्रसाद लोहनी	१५३७
रामेश्वर राना	१४९८
हस्तबहादुर पाण्डे	१४३३
■ **युवा** (१)	
निशा अधिकारी	१३६१
■ **महिला** (३)	
नीरकुमारी कुँवर	२००५
प्रभा बराल	१९९९
विन्दा ढुंगाना	१८०७
मधेश : ९	
■ **खुला** (५)	
हरिप्रसाद उप्रेती	१५०१
ताराकान्त चौधरी	१४८६
एकवाल मियाँ	१४१८
राजकुमार लेखी	१३६८
मनोजकुमार खड्का	१३६२
■ **युवा** (१)	
इ. मोबिन आलम	१३१६
■ **महिला** (३)	
आरती भण्डारी	१६३०
कल्पनाकुमारी कटुवाल	१५०६
निर्मला देवकोटा	१४३४
कोशी : ९	
■ **खुला** (५)	
जीवन घिमिरे	१६४१
मानवीर राई	१६३३
इन्द्रप्रसाद भण्डारी	१६०२
राम राना	१५६५
रोमनाथ ओली	१३८१
■ **युवा** (१)	
क्षितिज थेबे	१५२८
■ **महिला** (३)	
मञ्जु भण्डारी (सुवेदी)	१७५०
मेनुका काफ्ले	१७१९
मीना पोखेल उप्रेती	१७१४
राजधानी विशेष : ९	
■ **खुला** (५)	
रामेश्वर फुयाँल	१५१२
रमेश बडाल	१४६४
गणेश दुलाल	१४०१
प्रेमकुमार पराजुली	१३९५
हरिकृष्ण व्यञ्जनकार	१३८४
■ **युवा** (१)	
सुनिता डंगोल	१६६८
■ **महिला** (३)	
विनाकुमारी श्रेष्ठ	१७५५
रत्न गुरुङ	१५६०
सुजिता शाक्य	१४८२
सम्पर्क समन्वय : ४	
■ **खुला** (३)	
श्यामकुमार बस्नेत	१८६७
आरसी लामिछाने	१८४९
थानेश्वरप्रसाद बस्याल	१६४८
■ **महिला** (१)	
भगवती थापा क्षेत्री	१८३७
आदिवासी जनजाति : २५	
■ **खुला** (१५)	
अइन्द्रसुन्दर नेम्वाङ	१६९९
गोकुलप्रसाद घर्तीमगर	१६८७
डा. अजयक्रान्ति शाक्य	१५७४
हेमराज राई	१५४५
अमित लामा	१५१८
एकालाल श्रेष्ठ	१५०९
चन्द्रप्रकाश घर्ती	१४७५
राजेन्द्रकुमार राई	१४२४
प्रेम तामाङ	१३६२
गोविन्द पुन	१३४२
चन्द्रमोहन गौचन	१३४२
सुभाष कर्माचार्य	१३४२
तिलकुमार मेन्याङ्बो	१३२४
लिलबहादुर थापामगर	१३२०
विषमलाल दनुवार	१२९६
■ **युवा** (२)	
सम्राट गौचन	११८५
मनोज ताम्ली	११५२
■ **महिला** (८)	
सावित्रा राना	१९२५
भूमिका लिम्बू सुब्बा	१८९८
मञ्जुदेवी गुरुङ	१८२८
नरदेवी पुन	१८२४
उषाकला राई	१८०४
थममाया थापा	१७४५
मनुकुमारी तितुङ	१६१४
आशारत्न जबेगू	१६०५
मधेशमनी : २१	
■ **खुला** (१३)	
अजयकुमार गुप्ता	१८१४
हरिनारायण महतो	१७९२
सरोजकुमार यादव	१६५४
उपेन्द्रप्रसाद साह	१६३२
उमाशंकर अगरिया	१६१३
लखनदास तत्मा	१५८४
गंगाप्रसाद यादव	१५५७
जगदीशप्रसाद कुसियैत	१५४०
कुन्दनप्रसाद कुशवाहा	१५३७
दिलीपकुमार अग्रवाल	१५२१
विजयकुमार सरावगी	१४९०
रामचन्द्र मण्डल	१४८१
मुनिसाह सुडी	१४४२
■ **युवा** (२)	
अमरकुमार यादव	निर्विरोध
रौनित शाह	निर्विरोध
■ **महिला** (६)	
प्रतीक्षा तिवारी	२१२०
सविता यादव	२०५२
ज्वालाकुमारी साह	२०४४
रामरतीदेवी राम	२०३९
सरिताकुमारी गिरी	२००३
जुलीकुमारी महतो	१९३७
दलित : १२	
■ **खुला** (७)	
अफिलाल ओखेडा	१५८३
जंगबहादुर नेपाली	१५३९
दानसिंह परियार	१४७५
प्रभु हजारा (दुसाध)	१४६५
बोमबहादुर विश्वकर्मा	१४६०
गोविन्दबहादुर नेपाली	१४४१
मनोहरविर पौडेल	१३१४
■ **युवा** (१)	
निता घतानी	१५४१
■ **महिला** (४)	
पार्वती विशुन्के	१८९५
आशाकुमारी विक	१७७१
विष्णुमाया विक	१७४३
रुक्मणी राना (बराइली)	१७०५
थारू : ७	
■ **खुला** (५)	
कृपाराम राना	१९१९
गौरीशंकर चौधरी (थारू)	१९१६
कृष्णी थारू	१७९६
नरुलाल चौधरी	१६७६
बलवीरप्रसाद चौधरी	१५६४
■ **महिला** (२)	
मन्जुकुमारी चौधरी	१७४०
शान्ता चौधरी	१६७५
मुस्लिम : ५	
■ **खुला** (४)	
जलिल मियाँ	१६२०
मोहमद कैश	१५०३
मोहमद समिर	१३५२
महमत हारुन हलुवाई	१३२०
■ **महिला** (१)	
साजिदा खातुन सिद्धकी	निर्विरोध
श्रमिक : ५	
■ **खुला** (३)	
विनोद श्रेष्ठ	१८७२
जनक चौधरी	१६००
भोलानाथ पोखरेल रोहित	१५२६
■ **महिला** (२)	
कमलादेवी तामाङ	निर्विरोध
सीता लामा	निर्विरोध
पिछडिएको क्षेत्र : २	
■ **खुला** (१)	
नागेन्द्र शाही (नेशनल)	१५०२
■ **महिला** (१)	
बदमी क्वारी बुढा	निर्विरोध
अपांगता भएको : १	
■ **खुला** (१)	
डा. वीरेन्द्रराज शर्मा	१९१९
प्रवास	
■ **दक्षिण एसिया** (१)	
हरिप्रसाद घिमिरे	निर्विरोध
■ **अन्य मुलुक** (१)	
सञ्जय थापा	१६२२
केन्द्रीय सदस्य : १२६	
■ **खुला** (७२)	
प्रदीप ज्ञवाली	१९४२
सुहाङ नेम्वाङ	१७२१
कृष्णभक्त पोखरेल	१६९८
किरण गुरुङ	१६२७
कृष्णकुमार श्रेष्ठ (किसान)	१५६०
खिमलाल भट्टराई	१५५२
अच्युतप्रसाद मैनाली	१५५०
ऐनबहादुर महर	१५४६
महेशकुमार बर्तौला	१५२९
विशाल भट्टराई	१५२७
पदम गिरी	१५१७
पार्वत गुरुङ	१४९७
देवीप्रसाद ज्ञवाली	१४५३
भूमि त्रिपाठी	१४४९
अमन मास्के	१४३८
अशोक व्याञ्जु	१४३६
ऋषिकेश पोखरेल	१४२६
शेरबहादुर तामाङ	१४२२
जगतबहादुर विश्वकर्मा	१४१६
डा. भीष्म अधिकारी	१३९६
झपटबहादुर बोहरा	१३९२
किरण पौडेल	१३८६
तुलसीप्रसाद न्यौपाने	१३८३
निरज आचार्य	१३५६
गणेशसिंह ठगुन्ना	१३४९
गोरखबहादुर बोगटी	१३४५
जमीन्द्रमान घले	१३४५
जितु गौतम	१३३२
दामोदर भण्डारी	१३२५
डा. सूर्यप्रसाद पाठक	१३२०
सूर्यबहादुर थापा क्षेत्री	१३०४
माधवप्रसाद ढुंगेल	१२९९
रश्मि आचार्य	१२९७
यज्ञराज सुनुवार	१२९२
राजेन्द्रप्रसाद गौतम	१२८५
ठाकुरप्रसाद गैरे	१२८४
जगन्नाथ थपलिया	१२७७
चिन्तन पाठक	१२७४
देवेन्द्र दाहाल	१२५४
चेतनारायण आचार्य	१२५१
राजीव पहारी	१२४९
झपटबहादुर रावल	१२४२
खिमबहादुर थापा	१२२०
दीपक कार्की	१२१६
लालबाबु पण्डित	१२०२
गोकुलप्रसाद बास्कोटा	११९५
दल रावल	११९३
रवीन्द्र अधिकारी	११९०
लीलानाथ श्रेष्ठ	११८७
होमबहादुर थापा	११७९
शोभियत ढकाल	११७७
पर्शुराम बस्नेत	११३७
खेममान खड्का	११२७
रचना खड्का	११२४
बलराम अधिकारी	११२२
डा. विन्दा पाण्डे	११२१
अग्निप्रसाद खरेल	१११९
गोविन्द थापा	१११८
सूर्य ढकाल	१११८
लालबहादुर थापा	१११०
जीवन गौतम	१०९४
ईश्वर पोखरेल	१०८८
गिरधारीलाल न्यौपाने	१०३४
यमबहादुर परियार	१०३१
दधिराम न्यौपाने	१०२७
मीनबहादुर शाही	१०२७
राजबहादुर बुढाक्षेत्री	१०२७
कर्णबहादुर थापा	१०२६
कृष्णप्रसाद अधिकारी	१०१८
प्रदीपकुमार कटुवाल क्षेत्री	१०१५
आनन्दप्रसाद पोखरेल	९९७
कृष्णगोपाल श्रेष्ठ	९९४
■ **युवा** (२)	
नरेश रोकाया	निर्विरोध
सुशीलकुमार थापा	निर्विरोध
■ **महिला** (५२)	
भगवती चौधरी	२०४४
विमला विक	१९६२
डोल्मा तामाङ	१९२९
भारती पाठक	१९१५
राधिका खतिवडा	१९१५
रामकुमारी झाँक्री	१९११
शिवकुमारी चौधरी	१९०९
पार्वती रावल	१९०७
ज्ञानु केसी	१८९९
निरुदेवी पाल	१८८८
सकुन्तला लेप्चा	१८८५
विमला अर्याल	१८७४
क्रान्ति बुर्लाकोटी	१८७३
भगवती न्यौपाने	१८७३
लक्ष्मी क्षेत्री	१८७०
अस्मिता थापा	१८५९
उर्मिला सुनुवार	१८५८
प्रभा कोइराला	१८५७
तारा सञ्जेल	१८४९
वीणादेवी राई	१८४६
कमला बोहरा	१८४३
टुका हमाल	१८२६
सुशीला नेपाल	१८१३
ई. एलिसा गौतम	१८१२
यशोदा रिमाल	१८०७
बालिकाकुमारी गिरी	१८०३
वसन्ती अधिकारी	१८०१
शकुन्तला श्रेष्ठ	१७९५
विन्दु महर्जन	१७८३
सरिता भुसाल	१७८२
कोमल ओली	१७७८
सरस्वती चिदी	१७७२
सूर्यकुमारी श्रेष्ठ	१७६१
डा. टीका ढकाल	१७५९
पदमा खड्का	१७५३
गीता कार्की	१७४८
विना ज्ञवाली	१७४६
शिल्पा निराला कार्की	१७४३
निर्मला पाठक (नर्भद)	१७४०
सरिता भुसाल खनाल	१७४०
आरती पौडेल	१७३६
सीता सुवेदी	१७२५
सन्तोषकुमारी शर्मा थापा	१७२४
गीता अधिकारी	१७१७
मनकुमारी जिसी (केसी)	१७१६
जलवर्षा राजवंशी	१७०२
शोभा ज्ञवाली	१६७६
सुनिता बराल	१६५५
देवका पहारी	१६५३
सन्तना दाहाल	१६३४
सीता सिग्देल न्यौपाने	१६१८
सीताकुमारी सुन्दास	१६१८

रवि आज...

पृष्ठ १ बाट क्रमशः

बिगोमध्ये दामासाहीले हुने बिगो बैंक ग्यारेन्टी राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ अनुसार बैंक ग्यारेन्टी लिई मुद्दाको पुर्पक्ष गरिपाऊँ भन्ने देखिन्छ। प्रतिवादीले बिगोको हकमा दामासाहीले हुने रकम जमानत दिई बचतकर्ताको बिगो प्राप्त गर्ने सुनिश्चितता गरेको देखियो।' लामिछानेले बिगोबराबरको जमानत यसअघि नै बुझाइसकेका छन्। बचतकर्ताको बिगो प्राप्त गर्ने सुनिश्चितता देखिएको भनेरै उच्चले उनलाई थुनाबाहिर रहेर मुद्दा लड्ने सुविधा दिएको हो। यो मुद्दामा २२ चैतदेखि थुनामा रहेका लामिछाने हाल नक्खु कारागारमा छन्। जिल्ला अदालत रूपन्देही गएर हस्ताक्षर गरेपछि शुक्रबार छुट्ने उनका कानुन व्यवसायी दीपेन्द्र झाले बताए। उनलाई उपस्थित गराउन जिल्ला अदालतले नक्खु कारागारलाई बिहीबार नै पत्राचार गरिसकेको छ। शुक्रबार बिहान बुद्ध एयरको पहिलो उडानबाट लामिछानेलाई भैरहवा लगेर जिल्ला अदालतमा पेस गरिने रास्वपा नेता दीपक बोहराले बताए।

सामूहिक बिगोमध्ये आफ्नो भागमा पर्ने दुई करोड ७४ लाख ८४ हजारबराबरको बैंक जमानत लिएर रिहा गर्न माग गर्दै लामिछानेले गत १९ साउनमा जिल्ला अदालतमा निवेदन दिएका थिए। तर, न्यायाधीश नारायणप्रसाद सापकोटाको २६ साउनको इजलासले बिगो अस्वीकार गर्दै थुनामै पठाउन आदेश दिएपछि उनी उच्च अदालत पुगेका थिए।

उच्च अदालत तुलसीपुर बुटवल इजलासका सूचना अधिकारी रामबहादुर कुँवरका अनुसार लामिछानेलाई रिहा गर्ने आदेशसँगै विभिन्न पाँच सर्त तोकिएको छ। सुरु जिल्ला अदालतले १३ माघ ०८१ मा थुनछेकको क्रममा माग गरेको धरौटी रकम दफा ६८ अनुसार स्वीकार गर्ने, प्रतिवादीले निवेदन साथ पेस गरेको बैंक जमानत (ग्यारेन्टी) दुई करोड ७४ लाख ८४ हजार बिगोको हकमा सुरक्षित गर्ने र प्रतिवादी व्यक्तिगत वा संस्थागत रूपमा विदेश यात्रा गर्नुपरेमा अदालतलाई पूर्वजानकारी दिनुपर्ने सर्त छ। त्यस्तै, जिल्ला अदालत रूपन्देहीको गत २६ साउनको आदेश बदर गर्दै उच्चले भनेको छ, 'अदालतबाट फैसला हुँदा ठहरेबमोजिम हुने नै हुँदा, साथै फैसलाले बिगोका हकमा थप दायित्व सिर्जना गरेमा तिर्न-बुझाउन मञ्जुर भए सोको कागज गरी प्रतिवादी रवि लामिछानेलाई प्रस्तुत मुद्दाको रोहबाट थुनामुक्त गर्नू।' शुक्रबार यही मञ्जुरीमा कागज गरेपछि उनी रिहा हुनेछन्।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ अनुसारको प्रावधानअनुसार लामिछानेले थुनाबाहिर बसेर मुद्दा लड्ने सुविधा पाएका हुन्। जुन दफामा मुद्दाको कारबाही जुनसुकै अवस्थामा भए पनि जमानत माग्न सक्ने उल्लेख छ। सोही दफाअनुसार उनको निवेदनलाई उच्चले स्वीकार गरेको हो। यसअघि जिल्ला अदालतले त्यसलाई अस्वीकार गरेको थियो। यसरी जमानतमा रिहा गर्ने अभ्यास धेरै देशमा रहेको अधिवक्ता झा बताउँछन्।

जमानतको सुविधा अर्का प्रतिवादी छविलाल जोशीलाई पनि दिन उच्चले भनेको छ। जोशीले भने जमानत नराखी सो सुविधा पाउन निवेदन दिएका थिए। उनको आदेशमा भनिएको छ, 'पक्षले सक्कल प्रमाणसहित निवेदन दिएमा पुनः विचार गर्नु भनी सक्कल मिसिल सुरु जिल्ला अदालतमा पठाइदिनू।'

बिहीबारको...

पृष्ठ १ बाट क्रमशः

मनोजकुमार चौधरी र रोचक जोशीले बहस गरेका थिए। त्यस्तै, विपक्षी वादी नेपाल सरकारको तर्फबाट सहन्यायाधिवक्ता सन्देश श्रेष्ठ, सहायक न्यायाधिवक्ता वसन्तराज पोखेल तथा जाहेरवालाको तर्फबाट सञ्जीव घिमिरेले बहस गरेका थिए।

अधिवक्ता कँडेलले चितवनमा ठगी मुद्दा मात्रै लगाएकोमा, रूपन्देहीमा ठगी र संगठित लगाएको तथा अभियोगपत्रमा रोशनी गुरुङ र रवि लामिछानको नाममा रकम जम्मा भएको भनिएकोमा कम्पनीको खातामा भने रोशनीको मात्रै नाम भएको दलिल पेस गर्दै राज्यले अन्याय गरेको तर्क गरेका थिए। 'चितवनमा संगठित अपराध लगाइएको छैन। उक्त अदालत पनि देशभित्रकै हो। अभियोगपत्रमा रोशनी गुरुङ र रवि लामिछानेको नाममा रकम जम्मा भएको भनिएको छ, कम्पनीको खातामा रोशनीको मात्र नाम छ। अपराध संहिताको दफा ९ मा एकै कसुरमा दोहोरो मुद्दा चल्दैन, तर रोशनी गुरुङले पैसा जम्मा गरेको आधारले दुईतिर मुद्दा चल्यो,' उनले भने, 'गृहले चिठी लेखेर त्यसअनुसार प्रहरीले अनुसन्धान गरेको हो, यो क्रिमिनल लको न्यायभित्र पर्दैन। बिगो छुट्ट्याउने सरकारको काम हो, त्यसैकारण हामी जेल बसिरहन मिल्दैन।'

त्यस्तै, अधिवक्ता झाले संसदीय छानबिन समितिको प्रतिवेदन सम्झाउँदै लामिछानेलाई थुन्नुपर्ने कुनै कारण नै नभएको तर्क गरेका थिए। 'संसदीय समितिले नै थुन्ने अभिप्राय होइन, बचतकर्ताको पैसा ग्यारेन्टी भए हुन्छ भनेको छ। जिसिएस (सहकारी) सफ्टवेयर पहिला आधिकारिक होइन भनियो, तर त्यसलाई आधार बनाएर मान्छे थुनियो,' उनले भने, 'संगठित अपराधको व्याख्या गर्दा मुद्दाको उठान नै दूषित छ। पहिला अनुसन्धान हुनुपर्नेमा पहिला सरकारको आदेश भयो। कारागारबाट मुद्दा लडौँ कि घरबाट ? विषय यत्ति हो।'

सरकारको तर्फबाट बहस गरेका सहन्यायाधिवक्ता श्रेष्ठ र न्यायाधीशबिच लामै सवाल-जवाफ चल्यो। न्यायाधीशले 'मूल मुद्दामा संगठित अपराध भनिएको छैन, पछि के देखेर लगाइयो ?' भनेर प्रश्न गरेका थिए। श्रेष्ठले 'त्यो मुद्दाको अन्तिम फैसलामा आउला' भनेर जवाफ दिए। फेरि अर्का नयायाधीशले श्रेष्ठलाई प्रश्न गरे, 'मिलापत्र गर्दा कुन पक्षसँग गर्ने ? भन्ने होला कि के हो ?' श्रेष्ठले जाहेरवालाको रकम सुरक्षित हुनुपर्ने माग गरे।

जाहेरवालाको तर्फबाट बहस गरेको घिमिरेले बचत फिर्ता हुनुपर्ने आफ्नो माग भए पनि व्यक्तिविरुद्धको मुद्दामा नाम दुरुपयोग गरिएको भन्दै सरकारमाथि प्रश्न उठाए। 'बचत फिर्ता होस् भन्ने मेरो माग हो, व्यक्तिविरुद्ध होइन। तर, मेरो मुद्दा त्योअनुसार गएनछ भन्ने सरोकार लागेर उपस्थित भएँ,' उनले बहस गरे, 'संगठित अपराध लगाएर मिलापत्र गर्ने प्रक्रिया नै अलमल्याइयो। मलाई मेरो बचत रकम छिटो फिर्ता हुने बाटो खोलिदिनुपऱ्यो। यो प्रक्रियालाई ढिला गरिदिएर ममाथि अन्याय भयो। म अरू केही जान्दिनँ जिल्लाले पैसा दिलाइदिए मैले न्याय पाऊँ।'

रविको पक्षमा बहस गरेका अधिवक्ता पाण्डेले कानुनी दायरामा रहेको संस्थाको सदस्य वा कर्मचारी हुनु संगठित अपराध नभएको तर्क गरे। 'गोर्खा मिडिया गैरकानुनी संस्था होइन, त्यसको सदस्य हुनु वा कर्मचारी हुनु संगठित अपराध होइन। यहाँ दिएको निवेदनले पीडितको रकम सुनिश्चित हुन्छ, हाम्रो दायित्व पीडितको न्याय पनि हो। हामी आएकै कारण छवि आए, अरू पनि आउलान्,' उनले भने।

तर, सहन्यायाधिवक्ता श्रेष्ठले संगठित अपराधको मुद्दा भएकाले मिलापत्रमा समेत रोक लागेको दाबी गरे। तत्कालै न्यायाधीशले प्रश्न गरे- रकम ग्रहण गर्दा सरकारलाई के समस्या पर्छ ? नगर्दा के फाइदा हुन्छ ? यो मुद्दाको मक्सद के हो ? मेलमिलाप पनि नहुने मुद्दा लाउने ? त्यसपछि श्रेष्ठले 'मुद्दा प्रक्रिया छिटो न्याय निरूपण गर्ने गरी जाँदा नै उपयुक्त हुने' जवाफ दिएका थिए। जाहेरवालाका तर्फबाट बहस गरेका उप्रेतीले मुद्दालाई राजनीतिक बनाइएकाले टुंगोमा पुग्न नसकेको भन्दै सरकारले तुरुन्त पैसा फिर्ता गर्नुपर्ने माग गरेका थिए।

उपत्यका...

पृष्ठ १ बाट क्रमशः

छ। अहिलेसम्म १४ अस्पतालसँग सम्झौता भएकामा ती अस्पतालबाट पठाइएका तीन सय नमुना परीक्षण गरेर पठाइसकेको जनस्वास्थ्य प्रयोगशालाका सूचना अधिकारी सन्तोष सुवेदीले जानकारी दिए।

बिहीबार मात्रै सुर्खेत अस्पतालसँग प्रयोगशालाले सम्झौता गरेको छ। सम्झौताअनुसार बिरामीको माग वा आवश्यकताअनुसारको परीक्षण नमुना अस्पतालले पठाउने र त्यसको परीक्षण गरी रिपोर्ट प्रयोगशालाले पठाउनेछ। सुवेदीका अनुसार हाल प्रयोगशालाले गर्न लागेका संक्रामक र क्यान्सर रोगसँग सम्बन्धित परीक्षणमा दुई हजारदेखि ५० हजारसम्म रकम लाग्छ। तर, यही परीक्षणमा लागि निजीमा पाँच हजारदेखि एक लाखसम्म पर्छ।

हालसम्म भेरी अस्पताल, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, सुर्खेत अस्पताल, सुशील कोइराला क्यान्सर प्रखर अस्पताल, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, भरतपुर क्यान्सर अस्पताल, कारागार अस्पताललगायत १४ अस्पतालसम्म सम्झौता भएको छ।

Neelakantha Municipality
Office Of Municipal Executive

Dhadingbesi, Dhading

Invitation For Bids

Date of Publication: 19th December, 2025

1. Neelakantha Municipality invites electronic bids from eligible bidders for the execution of below mentioned works under National Competitive Bidding Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S. N	Identifiction No.	Name Of Project	"Estimated Amount(Without VAT and Contingencies including P.S) (NRs) "	Bank Address for Bid Document Fee	Bid Document Fee(NRs)	Bid Security Amount(NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/ Bid Bond Validity Period
1	NEE-NCB:-11/2082/83	Ghumti dekhi Shantitar jane Sadak Staronnati	4,431,280.51	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	3,000.00	115,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	20th January 2026, 12:00 Hrs	90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
2	NEE-NCB:-12/2082/83	Ijara mandir dekhi Dada gau samma sadak dhalan tatha nala marmat	1,862,826.01		3,000.00	50,000.00			
3	NEE-NCB:-13/2082/83	Kafalpani Gumba Infrastructure Construction ward 9	2,211,007.92		3,000.00	60,000.00			
4	NEE-NCB:-14/2082/83	Ward Stariya Sadak Staronati Neelakantha 12	5,761,235.55		3,000.00	145,000.00			
5	NEE-NCB:-15/2082/83	Nagar Corridor Nirman	4,429,943.80		3,000.00	115,000.00			

3. Eligible bidder may obtained further information from PPMO's website www.bolpatra.gov.np/egp
4. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at 20th January,2026 of 14:00 Hrs at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi,Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

■ सरकारी अध्ययन समितिको प्रतिवेदन

सरकारले नै नाफा लिएर इम्बोस्ड जडान महँगो बनाएको निष्कर्ष

■ सरकारी अध्ययन प्रतिवेदन भन्छ-

नम्बर प्लेट, छपाइ प्लान्ट, आरएफआइडी गेट, सफ्टवेयर, कन्ट्रोल रुम, सर्भिस चार्ज, जनशक्ति, नाफासमेतको सम्पूर्ण भार इम्बोस्ड जडान गर्ने चालकमा थोपरिएको छ। यसले इम्बोस्ड जडानलाई महँगो बनायो।

सुवास भट्ट/नयाँ पत्रिका

नाफा लिएर सरकारले नै सवारी इम्बोस्ड नम्बर प्लेट जडानलाई महँगो बनाएको निष्कर्ष सरकारी अध्ययन समितिले निकालेको छ। इम्बोस्ड नम्बर प्लेट जडानमा उत्पन्न जटिलताबारे अध्ययन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गठन गरेको समितिले इम्बोस्ड प्लेट जडानको शुल्क घटाउनसमेत सरकारलाई सिफारिस गरेको छ।

इम्बोस्ड नम्बर प्लेट जडानसम्बन्धी सम्झौता कार्यान्वयनको दशक पुग्न लागिसक्दा पनि सवारीचालक यसप्रति आकर्षित भएका छैनन्। हालसम्म एक लाखभन्दा कम सवारीमा मात्र इम्बोस्ड जडान भएका छन्। पटक-पटक इम्बोस्ड जडान गर्न समयसीमा दिइए पनि इम्बोस्ड जडानमा चालकहरूले उत्साह नदेखाइरहेको सन्दर्भमा सरकारले यसबारे अध्ययन गर्न समिति गठन गरेको थियो। भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले गत असोज अन्तिम साता मन्त्रालयको पूर्वाधार निर्माण तथा यातायात महाशाखाका सहसचिव ई. कृष्णराज पन्थको संयोजकत्वमा अध्ययन समिति गठन गरेका थिए। अध्ययन समितिले हालै आफ्नो प्रतिवेदन टुंग्याएको छ। प्रतिवेदन मन्त्री घिसिङलाई बुझाउने तयारी गरिएको संयोजक पन्थले नयाँ पत्रिकालाई बताए।

अध्ययन समितिले इम्बोस्ड नम्बर प्लेट जडान महँगो भएको निष्कर्ष निकालेको छ। सरकारले अतिरिक्त शुल्क थोपरेर नाफा खोजेका कारण इम्बोस्ड जडान महँगो हुन पुगेको समितिको प्रतिवेदनमा उल्लेख छ। 'नम्बर प्लेट, छपाइ प्लान्ट, आरएफआइडी गेट, सफ्टवेयर, कन्ट्रोल रुम, सर्भिस चार्ज, जनशक्ति, नाफासमेतको सम्पूर्ण भार इम्बोस्ड जडान गर्ने चालकमा थोपरिएको छ,' प्रतिवेदनमा भनिएको छ, 'यसले इम्बोस्ड जडानलाई महँगो बनायो।'

प्रतिप्लेट औसत १५.५ अमेरिकी डलरमा इम्बोस्ड नम्बर प्लेट तयार गरी ठेकेदार कम्पनीसँग सरकारले सम्झौता

शुल्क घटाउन अध्ययन समितिको सिफारिस



गरेको थियो। सम्झौता हुँदाको मिति १७ जेठ ०७३ को विनिमय दरअनुसार यो करिब साढे १६ सय रुपैयाँ हो। तर, यसमा सरकारले आफूले विभिन्न अतिरिक्त शुल्क लिएर इम्बोस्ड प्लेट जडानमा प्रतिसवारी दुईपांग्रेको दुई हजार पाँच सय, तीनपांग्रेको दुई हजार नौ सय, साना तथा मझौला चारपांग्रेको तीन हजार दुई सय र ठुला सवारीको तीन हजार ६ सय रुपैयाँ कायम गरेको थियो। यसको औसत मूल्य तीन हजार ५० रुपैयाँ हो। अहिलेकै विनिमय दरअनुसार प्रतिइम्बोस्डको ठेकेदारसँग भएको सम्झौता रकम करिब साढे २२ सय रुपैयाँ छ। इम्बोस्ड छपाइका लागि ठेकेदारसँग भएको सम्झौताको बखत नै औसतमा करिब दोब्बर मूल्य उपभोक्तालाई थोपरिएको थियो।

प्रतिवेदनले अहिलेकै विनिमय दरअनुसार पनि करिब १२ डलर अर्थात् साढे १७ सय रुपैयाँहाराहारीमा छाप्न सकिने इम्बोस्डलाई सरकारले महँगो कायम गरेको उल्लेख गरेको छ। सम्झौता हुँदाको समयमा प्रतिडलर नेपाली विनिमय १०६ रुपैयाँआसपास थियो। त्यतिबेलाको विनिमयमा सरकारले कायम गरेको इम्बोस्डको मूल्य धेरै भएको अध्ययन समितिको निष्कर्ष छ। 'आजकै मूल्यमा पनि इम्बोस्ड जडानमा सरकार नाफामा छ,' समितिले भनेको छ। इम्बोस्ड जडानको सुरुमै सरकारले उपभोक्ताबाट उच्च नाफा खोज्नु उचित नहुने प्रतिवेदनले औंल्याएको छ।

सवारीसाधनको प्रयोग बढ्दै गएको समयमा संसारभर तिनलाई व्यवस्थापन गर्न नयाँ प्रविधि विकास भइरहेको सन्दर्भमा इम्बोस्ड प्रविधिलाई नकार्न नसकिने अध्ययन समितिले उल्लेख गरेको छ। तर, मूल्यलाई पुनर्विचार गरेर समयानुकूल प्रविधिको अनुसरण गर्ने र कार्यान्वयनमा प्रभावकारिता बढाउनुपर्ने आवश्यकता भने अध्ययन समितिले औंल्याएको छ।

सवारी 'रियल टाइम' ट्र्याकिङका लागि इम्बोस्डमै 'जिपिएस'को 'फिचर' थप्न सकिने विकल्पबारे पनि अध्ययन समितिले प्रतिवेदनमा उल्लेख गरेको छ। यद्यपि, यसबारे ठेक्का सम्झौतामा व्यवस्था छैन। इम्बोस्ड सवारीको परीक्षणका लागि 'ह्यान्ड डिभाइस' थप्नुपर्ने र आरएफआइडी गेट निर्माण गर्नुपर्नेबारे पनि प्रतिवेदनले भनेको छ। इम्बोस्ड जडान भएका सवारी अनुगमनका लागि १० वटा आरएफआइडी गेट बनाउने ठेक्का सम्झौतामा भए पनि हालसम्म दुईवटा मात्र गेट बनेका छन्।

प्रतिवेदनले इम्बोस्डको ठेक्कामा अहिलेकै ठेक्कामा भएका कमजोरीसमेत केलाएर गर्न सकिने सुधारबारे पनि उल्लेख गरेको छ। नयाँ प्रविधिमा जाँदा राज्यले निश्चित सहुलियत दिएर योगदान गर्नुपर्ने प्रतिवेदनले भनेको छ। 'अहिले कायम गरिएको मूल्य अधिक हो। यसलाई यथाशक्य घटाएर न्यूनतम मात्र लिनुपर्छ भन्ने हाम्रो प्रमुख निष्कर्ष हो,' अध्ययन समितिका एक सदस्यले भने। विद्यमान ठेक्काअन्तर्गत नै इम्बोस्डको मूल्यमा विचार गर्न सकिनेबारे प्रतिवेदनले औंल्याएको छ। इम्बोस्डको विकल्पभन्दा पनि यसलाई प्रभावकारी बनाएर कार्यान्वयन लान प्रतिवेदनले भनेको छ। अधिक मूल्यका कारण इम्बोस्ड जडानमा चालक आकर्षित नभएको अवस्थामा सरकारले आफूले लिएको अतिरिक्त शुल्क घटाउन सक्ने प्रतिवेदनमा उल्लेख छ।

इम्बोस्डमा झन्डै दशकदेखिको झमेला



सवारीसाधनको व्यवस्थापन आधुनिक र वैज्ञानिक बनाउन भन्दै उच्च सुरक्षा विशेषतायुक्त इम्बोस्ड नम्बर प्लेटको आपूर्ति तथा प्लेट जडानका लागि आवश्यक वैयक्तिक नामांकन र सूचना प्रविधि पूर्वाधारसमेतको निर्माण गर्न सरकारले ०७३ मा ठेक्का लगाएको थियो। यातायात व्यवस्था विभाग र डेकाटुर टाइगर आइटी संयुक्त उपक्रम (जेभी)बिच १७ जेठ ०७३ मा सम्झौता भएको थियो। सम्झौताको पाँच वर्षभित्र अर्थात् १५ जेठ ०७८ मा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो।

सम्झौताअनुसार प्लेट छपाइका लागि मेसिनरीसहितको कारखाना, प्लेट व्यक्तीकरणका लागि सफ्टवेयर तथा हार्डवेयरसहितको प्रणाली, सवारी अनुगमनका लागि १० वटा आरएफआइडी र सय थान 'ह्यान्डहेल्ड आरएफआइडी रिडर'सहितका पूर्वाधार बनाउनुपर्ने थियो। ठेक्का सम्पन्न गर्न मूल्य अभिवृद्धि कर (भ्याट)सहित तीन करोड ८७ लाख ५० हजार अमेरिकी डलरको लागत निर्धारण गरिएको थियो। सम्झौता मितिको विनिमय दरअनुसार यो नेपाली रकम चार अर्ब १६ करोड ७९ लाख ५० हजार रुपैयाँ हुन आउँछ। हालको विनियम दरअनुसार (प्रतिडलर १४० रुपैयाँ) भने यो पाँच अर्ब ६१ करोड हुन आउँछ।

सम्झौताअनुसार उक्त अवधिमा २५ लाख प्लेट इम्बोस्ड जडान गर्नुपर्ने थियो। तर, पाँच वर्षमा सम्पन्न हुने यो आयोजना हालसम्म पनि प्रारम्भिक चरणमै छ। यातायात व्यवस्था विभागको रेकर्डअनुसार हाल देशभर कुल ५८ लाख सवारीसाधन छन्। सम्झौताको लामो समयसम्म पनि इम्बोस्ड नम्बर प्लेटको कार्यान्वयन जटिल हुनुका पछाडि अनियमितता र कमिसनको जालो पनि छ। सम्झौता भएलगत्तै इम्बोस्ड ठेक्कामा भ्रष्टाचार भएको उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि परेको थियो। तर, अख्तियारले हालसम्म पनि उजुरी टुंगो लागेको छैन।

जाँचबुझ आयोगको म्याद एक महिना थप

नयाँ पत्रिका



गौरीबहादुर कार्की

तीन महिनामा काम नसकिएपछि सरकारले जेन-जी आन्दोलनमा भएको दमन र क्षतिबारे छानबिन गर्न गठन गरेको जाँचबुझ आयोगको म्याद थप गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले आयोगको म्याद एक महिना थप गरेको सञ्चारमन्त्री जगदीश खरेलले बताए।

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन भएको आयोगको म्याद आगामी ९ पुसमा सकिँदै छ। आयोगले अझै बयानकै काम सकेको छैन। आयोगकै प्रस्तावअनुसार सरकारले म्याद थप गरेको हो। आयोगले तत्कालीन गृहसचिव र प्रहरी प्रमुखहरूको बयान लिइरहेको छ।

भ्रष्टाचारको विरोधमा गत २३ भदौमा जेन-जीले गरेको विरोध प्रदर्शनमा अत्यधिक बल प्रयोग हुँदा १९ युवकले गोली लागेर ज्यान गुमाएका थिए। दमनको विरोधमा भोलिपल्ट देशैभरि आन्दोलन हुँदा स्थिति सम्हाल्न नसकेपछि तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएका थिए। उनलाई सेनाले बालुवाटारस्थित निवासबाट हेलिकोप्टरमा उद्धार गरी ब्यारेकमा लगेको थियो। त्यसपछि जेन-जी अगुवाकै प्रस्तावअनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन गरी नयाँ निर्वाचनको मिति घोषणा भएको थियो। आन्दोलनमा दमन भएका वेला प्रधानमन्त्री रहेका केपी ओली र गृहमन्त्री लेखकको आयोगले अझै बयान लिन सकेको छैन। उनीहरूमाथि कारबाही नभए चुनाव हुन नदिने जेन-जी अगुवाले चेतावनी दिँदै आएका छन्। ओलीले भने आयोग अमान्य भएको भन्दै बयान नदिने चेतावनी दिँदै आएका छन्। सहिद परिवारले ओली र लेखकविरुद्ध प्रहरीमा जाहेरीसमेत दिएका छन्। जसमा प्रहरीले आयोगको प्रतिवेदन आएपछि मात्र निर्णय गर्ने बताउँदै आएको छ। ओली र लेखकलाई आगामी साता बयानमा बोलाइने आयोगका अध्यक्ष कार्कीले बुधबार जानकारी दिएका थिए।

सरकारले गत साता आयोगको कार्यादेशसमेत थप गरेको थियो। जसमा काम गर्न नसकिने आयोगले सरकारलाई मौखिक रूपमा जानकारी गराएको छ। बुधबार प्रधानमन्त्री कार्कीसँगको भेटमा आयोग पदाधिकारीले सो कार्यादेश कानुनसँग बाझिन सक्ने बताएका थिए। यसबारे लिखित रूपमा पनि जानकारी गराउने तयारी गरेको छ।

जेन-जीसँगको सम्झौताविरुद्ध सर्वोच्चमा दुई रिट दर्ता

काठमाडौं/ सरकार र जेन-जीबिच भएको सम्झौतालाई असंवैधानिक दाबी गर्दै सर्वोच्च अदालतमा बिहीबार दुईवटा रिट निवेदन दर्ता भएका छन्। रिटमा शुक्रबार पेसी तोकिएको सर्वोच्च प्रशासनले जनाएको छ। अधिवक्ता सुदीप भण्डारी र डा. प्रेमराज सिलवाललेे छुट्टाछुट्टै रिट दर्ता गराएका हुन्। उस्तै प्रकृतिका माग भएका कारण दुवै रिटलाई सर्वोच्चले लगाउमा राखेको छ। सिलवाललेे यसअघिका विभिन्न नजिरको उदाहरण दिँदै संविधानको प्रबन्धविरुद्ध हुने गरी गरिएको सम्झौता खारेजीको माग गरेका छन्।

'नेपालको संवैधानिक प्रबन्ध, संविधानको मर्म, भावना र सीमा प्रतिकूल कार्यकारी निर्णय हुनै सक्दैन,' रिटमा भनिएको छ, 'संविधानको प्रबन्ध, अक्षर, मर्म, भावना र संवैधानिक व्यवस्थाविपरीत 'बिचबिचमा आउने' कुनै पनि हिंस्रक प्रदर्शन, विरोध आदिका नाममा गैरसंवैधानिक सम्झौता गर्ने अधिकार संविधानअनुसार बन्ने कुनै पनि सरकारलाई हुँदैन। संवैधानिक सर्वोच्चता, विधिको शासनको मूल्य-मान्यताविरुद्ध कार्यकारीलाई निर्णय गर्ने अधिकार संविधानले दिएको छैन।'

जेन-जी एउटा उमेर समूह वा पुस्ता मात्र भएका कारण यो आफैंमा एउटा राजनीतिक, कानुनी र वैधानिक प्राप्त संस्था नरहेको दाबी रिटमा छ। यो सम्झौताले मुलुकलाई द्वन्द्वतर्फ धकेल्ने दाबी गर्दै रिट निवेदकले यसमा राजनीतिक दलहरूको समर्थन र सहमति नरहेको भनिएको छ।

प्रकृति संरक्षण कोषमा पूर्वमन्त्री ठकुरीकै बोलवाला

सुवेदी पुनः सदस्यसचिवमा नियुक्त, वनमन्त्री चौलागाईंलाई अझै दिइएन अध्यक्षको जिम्मेवारी

नयाँ पत्रिका

जेन-जी विद्रोहबाट बनेको सरकारको मौन समर्थनमा पूर्वमन्त्री ऐनबहादुर शाही ठकुरी प्रकृति संरक्षण कोषको अध्यक्षको हैसियतमा सक्रिय बनेका छन्। गत २३ र २४ भदौको जेन-जी विद्रोहबाट सरकार ढलेपछि अध्यक्ष पदबाट निष्क्रिय रहेका ठकुरीले बिहीबार डा. नरेश सुवेदीलाई कोषको सदस्यसचिव मनोनीत गरेका हुन्। बिहीबार बिहान साढे १० बजे कोषको कार्यालय, खुमलटार पुगेका शाहीले सुवेदीलाई पाँचवर्षे कार्यकालको मनोनयन पत्र थमाएर पदभार ग्रहण गराए। डेढ वर्षअघि नियुक्त भएका सुवेदीको कार्यकाल बुधबार मात्र सकिएको थियो।

औपचारिक कार्यक्रममा ठकुरीले आफू नै कोषको अध्यक्ष रहेको बताएका थिए। 'कोषको ऐनअनुसार म नै अध्यक्ष हो, म पाँच वर्षका लागि अध्यक्ष बनेको थिएँ। परिआएमा म मुद्दा पनि लड्छु,' ठकुरीले भने, 'ऐनले दिएको अधिकार प्रयोग गरेर योग्य मान्छे उहाँ (सुवेदी)लाई पाँचवर्षे कार्यकालका लागि सदस्यसचिवको जिम्मेवारी दिएको छु।' तर, उनीसँग टेलिफोन सम्पर्क गर्न खोज्दा मोबाइल अफ छ।



ऐनबहादुर शाही



नरेश सुवेदी

कोषले वेबसाइटमा ठकुरीलाई अध्यक्ष भनेर उल्लेख गरेको विषयमा नयाँ पत्रिकाले गत मंसिरमा उनीसँग कुराकानी गरेको थियो। तर, ठकुरीले 'मेरो नाम कायमै राख्नुभएको विषय उहाँहरूको हो, म अध्यक्षका हैसियतमा सक्रिय छैन' भनेर प्रतिक्रिया दिएका थिए।

वनमन्त्री माधव चौलागाईंले 'कोषको कामकारबाहीमा आफूलाई अधिकार नरहेको' प्रतिक्रिया दिए। 'नयाँ सदस्यसचिव नियुक्तिको विषय सुनेको छु, नियुक्तिअघि धेरै ठाउँबाट चासो पनि आएको थियो,' उनले भने, 'मलाई अधिकार नरहेको क्षेत्रमा केही गर्न सकिने अवस्था रहेन।' कोषका अध्यक्षले सदस्यसचिव मनोनीत गर्ने व्यवस्था राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ छ।

कोषको अध्यक्षमा ठकुरीलाई कायमै रहनुमा भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मौन समर्थन रहेको देखिन्छ। किनकि एक साताअघि २६ मंसिरमै चौलागाईं वनमन्त्रीमा नियुक्त भए पनि प्रधानमन्त्री सुशीला कार्कीले उनलाई कोषको जिम्मेवारी दिइएकी थिइनन्। जबकि कोषका संरक्षक रहने प्रधानमन्त्रीले अध्यक्ष नियुक्त गर्ने व्यवस्था प्रकृति संरक्षण कोष ऐन, २०३९ मा छ। प्रधानमन्त्रीले अध्यक्षको जिम्मेवारी वनमन्त्रीलाई दिने परम्परा छ। तत्कालीन प्रधानमन्त्री केपी ओलीले पनि ३० साउन ०८१ मा ठकुरीलाई वनमन्त्रीका हैसियतमा कोषको अध्यक्ष नियुक्त गरेका थिए। हाल प्रधानमन्त्री कार्की कोषको संरक्षक रहे पनि वनमन्त्रीलाई अध्यक्षको जिम्मेवारी दिइएको छैन।

कोषमा सदस्यसचिवको कार्यकाल पाँच वर्षको रहने भए पनि अघिल्ला सदस्यसचिव शरदचन्द्र अधिकारीले साढे तीन वर्षमै राजीनामा दिएपछि सुवेदी १७ वैशाख ०८१ मा नियुक्त भएका थिए। कोषको सदस्यसचिव आकर्षक पद हो। बेसिक (सेवा-सुविधाबाहेक) तलब मात्र मासिक दुई लाख रुपैयाँ हुन्छ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/८८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**ऋणी फर्म : तराई किराना स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता: शेख अब्दुस सलाम** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ११७२५/३९५, **दर्ता मिति** २०७८/०५/०३, **ठेगाना:** जिल्ला पर्सा, नरकटीया गा.वि.स. वडा नं. २ (हाल परोहा न.पा. वडा नं. ७)
२	**१) ऋणी फर्म : जयसवाल कोल्ड स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता: ललिता देवी** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९८५०/६७०, **दर्ता मिति** २०७७/०७/१९, **ठेगाना:** जिल्ला रौतहट, पतौरा गा.वि.स. वडा नं. २ (हाल बौधीमाई न.पा. वडा नं. १)
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: प्रमोद साह कल्वार** स्थायी ठेगाना : रौतहट जिल्ला, अजगैवी गा.वि.स. वडा नं. २, हालको ठेगाना : रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. १ बाबु : जमाहिर साह कल्वार, बाजे : सिताराम साह
	जमानीकर्ताहरु: १) ललिता देवी, स्थायी ठेगाना : रौतहट जिल्ला, अजगैवी गा.वि.स. वडा नं. २, हालको ठेगाना : रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. १, बाबु : जमुना साह कलवार, बाजे : जमाहीर साह कल्वार, पति : प्रमोद साह कलवार, **२) विनोद कुमार जयसवाल,** स्थायी ठेगाना : रौतहट जिल्ला, अजगैवी गा.वि.स. वडा नं. २, हालको ठेगाना : रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. १, बाबु : जमाहीर साह कल्वार, बाजे : सिताराम साह, **३) पुनम देवी,** स्थायी ठेगाना : रौतहट जिल्ला, अजगैवी गा.वि.स. वडा नं. २, हालको ठेगाना : रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. १, बाबु : अच्छेलाल प्रसाद कलवार, ससुरा : जमाहीर साह कल्वार, पति : विनोद कुमार जयसवाल
३	**१) ऋणी फर्म : जय बाबा फिस सेन्टर, प्रोप्राईटर तथा जमानीकर्ता: अजय कुमार कहार** **दर्ता नं.:** वाणिज्य कार्यालय, विराटनगरमा प्रा.फ.र.नं. २१७८६/०६४, **दर्ता मिति** २०६४/१०/०६, **ठेगाना:** जिल्ला मोरङ, विराटनगर उ.म.न.पा वडा नं. १४
	२) ऋणी: श्रवण कहर स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा. नं.२२, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा. नं.१७, बाबु : अजय कुमार कहर, बाजे : मुनचन कहार तथा **ललिता कहर,** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा. नं.२२, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा. नं.१७, बाबु : रामनाथ कहार, ससुरा : मुनचन कहार, पति : अजय कुमार कहार

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाइटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

कृषि विकास बैंक लि.
शाखा कार्यालय, महाराजगञ्ज,काठमाडौंका लागि

घर भाडामा लिने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०४

कृषि विकास बैंक लि.शाखा कार्यालय, महाराजगञ्जको प्रयोजनका लागि घर भाडामा लिन आवश्यक भएकाले काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ३, महाराजगञ्जस्थित हाल कार्यालय रहेको स्थानबाट ५०० मिटर आसपासमा ग्राहक आवतजावत र पार्किङ सुविधा भएको सुरक्षित उपयुक्त पक्की व्यवसायिक भवनको भुईं तल्ला पहिलो तल्ला वा दोस्रो तल्ला मध्ये उपयुक्त स्थान र सडक मापदण्ड भन्दा बाहिर, कम्पाउन्ड पर्खाल भएको घर कम्तिमा १० बर्ष वा सो भन्दा बढी अवधिका लागि भाडामा दिन ईच्छुक घरधनीहरूले निम्न शर्त/सुविधाको अधिनमा रही घर भाडामा दिन प्रस्ताव आह्वान गरिन्छ।

शर्त तथा सुविधाहरू :

१. काठमाडौं महानगरपालिका वडा नं ३, महाराजगञ्जस्थित हाल कार्यालय रहेको स्थानबाट ५०० मिटर आसपासमा ग्राहक आवतजावत र पार्किङ सुविधा भएको सुरक्षित उपयुक्त पक्की व्यवसायिक भवनको भुईं तल्ला पहिलो तल्ला वा दोस्रो तल्ला रहेको उपयुक्त स्थान र सडक मापदण्डभन्दा बाहिर, भुकम्प प्रतिरोधी भवनको नक्सा पास भई भवन निर्माण कार्य सम्पन्न भएको ब्यवसायिक भवनमा भुईं तल्ला, पहिलो तल्ला वा दोस्रो तल्लामा कम्तिमा २५००–३००० वर्गफिट क्षेत्रफल भएको घर हुनुपर्ने छ।
२. प्रस्तावित घर आर.सि.सी. फ्रेम स्ट्रक्चरमा निर्माण भएको र स्थानीय निकायबाट नक्सा पास भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ
३. प्रस्तावित घरमा पानी, बत्तिबिजुली (थ्रि फेजसमेत), टेलिफोन र इन्टरनेटको पहुँच हुनुपर्नेछ। प्रस्तावित तल्लामा पर्याप्त शौचालयको व्यवस्था समेत हुनुपर्नेछ । भाडामा दिन प्रस्ताव गरिएको घरमा, पर्याप्त पार्किङस्थल, जेनेरेटर तथा ए.टि.एम. राख्ने स्थानको व्यवस्था भएको हुनुपर्ने छ
४. बैंकलाई घरको भित्री संरचना परिवर्तन गर्न आवश्यक भएमा उक्त कार्य गर्न घरधनी मन्जुर हुनुपर्ने छ
५. मासिक के कति रकममा घरभाडा दिन चाहेको हो, सोको प्रष्ट रुपमा अंक र अक्षर दुवैमा खुलाउनुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई स्वीकार गरिनेछ
६. घरभाडा रकममा नियम अनुसार लाग्ने कर कट्टी गरी बाँकी रकम महिनाको अन्त्यमा घरधनीलाई भुक्तानी गरिनेछ। घर भाडामा लिएपश्चात् घर वहाल कर परिर्वतन भएमा परिवर्तित दरका आधारमा वहाल कर कट्टी गरिनेछ
७. घर भाडा सम्बन्धी गोप्य सिलबन्दी प्रस्ताव शाखा महाराजगञ्ज वा बागमती प्रदेश कार्यालय गौशाला काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र दर्ता गरिसक्नुपर्नेछ।
८. घर भाडामा दिने सम्बन्धी प्राप्त प्रस्तावहरू यो सूचना प्रकाशित मितिले १६ औं दिनको ११.०० बजे प्रस्तावक वा निजको प्रतिनिधि र बैंकका पदाधिकारीहरूको उपस्थितिमा प्रदेश कार्यालय, काठमाडौंमा खोलिनेछ। उक्त दिन सावर्जनिक बिदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिनको ११.०० बजे खोलिने छ। प्रस्ताव खोल्ने समयमा कारणवस कुनै वा सबै प्रस्तावक वा निजको प्रतिनिधि अनुपस्थित भए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन।
९. आवश्यकतानुसार घरभाडा लिने स्थानमा गई निरीक्षण गरी घर रहेको स्थान, बाटोको अवस्था, घरको वनावट, क्षेत्रफल, भौतिक सुविधा, प्रस्ताव गरेको भाडा रकमलगायत अन्य कुराहरूमा विश्लेषण गरी आवश्यक निर्णय गरिनेछ।
१०. घरभाडा सम्बन्धी प्राप्त प्रस्ताव कारण खोली वा नखोली स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस बैंकमा निहीत रहने छ
११. अन्य कुराको हकमा यस बैंकको आर्थिक प्रशासन विनियमावली २०६४ (संशोधनसहित) र घरभाडा लिनेसम्बन्धी निर्देशिका २०७१ बमोजिम हुनेछ
१२. भाडामा दिने घरसम्बन्धी कुनै मुद्दा मामिला नभएको हुनुपर्नेछ।
१३. यस विषयमा थप जानकारी आवश्यक परेमा शाखा महाराजगञ्ज वा बैंकको बागमती प्रदेश कार्यालय, गौशाला काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय,काठमाडौं।

समावेशीकरणविरुद्धको तर्क

नयाँ अनुहारको प्रवेश रोक्ने माध्यमका रूपमा समानुपातिक कोटा प्रयोग हुनु आफैंमा चिन्ताजनक अभ्यास हो



● सञ्जीव कार्की

अग्रलेख

पञ्चायती व्यवस्थामा ०४६ अघि नै मन्त्री भइसकेका काग्रेस केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले अझै पनि नुवाकोटबाट संघीय संसद्को समानुपातिकतर्फ आफ्नो नाम सिफारिस गराएको समाचार सार्वजनिक भएको छ। यो समाचार सामान्य राजनीतिक गतिविधि मात्र होइन, समावेशी लोकतन्त्रको नैतिक आधारमाथि उठेको गम्भीर प्रश्न पनि हो। प्रश्न स्वाभाविक रूपमा उठ्छ- के समावेशी प्रतिनिधित्वको सिद्धान्त अर्जुननरसिंह केसीजस्ता, दशकौंदेखि सत्ता, राज्य संयन्त्र र राजनीतिक अवसरको केन्द्रमै रहेका व्यक्तिहरूका लागि परिकल्पना गरिएको हो ? यदि होइन भने यस्ता अभ्यास किन बारम्बार दोहोरिइरहेका छन्, र किन यसप्रति राजनीतिक दल मौन छन् ?

अहिलेको सन्दर्भमा केसी एक्ला अपवाद भने होइनन्। प्रायः सबै प्रमुख दलका प्रभावशाली, स्थापित र पटक-पटक अवसर पाएका नेताहरूले समानुपातिक प्रणालीलाई आफ्नो राजनीतिक पुनरागमनको सुरक्षित ढोकाजस्तो प्रयोग गर्दै आएका छन्। आफ्ना परिवार, नातागोता, ढोके, हुक्के र जुत्तेसम्मलाई उपहार, बक्सिस या दहेज दिएर समानुपातिकको हुर्मत लुटिएको छ। निर्वाचन जित्ने जोखिम नलिई संसद् छिर्ने, पार्टीभित्रको शक्ति सन्तुलन जोगाइराख्ने र नयाँ अनुहारको प्रवेश रोक्ने माध्यमका रूपमा समानुपातिक कोटा प्रयोग हुनु आफैंमा चिन्ताजनक अभ्यास हो। यसले समानुपातिक प्रतिनिधित्वको मर्म, उद्देश्य र ऐतिहासिक औचित्यमाथि सीधा प्रहार गरेको छ। यही पृष्ठभूमिले समावेशीकरण र समानुपातिक प्रतिनिधित्वको अर्थ, सिमाना र दायित्वबारे पुनः गम्भीर विमर्श आवश्यक बनाएको छ।

समावेशीकरण र समानुपातिक प्रतिनिधित्व न त समानार्थी हुन्, न त एक-अर्काका विकल्प। तर, यी विषय उठ् नासाथ बारम्बार सुनिन्छ, 'जात खोजेर हुँदैन, लैंगिक प्रतिनिधित्व किन चाहियो ? समावेशीका नाममा जस्ता पनि योग्य हुन्छन् र ? योग्यलाई अवसर जतातै छ।' सतहमा हेर्दा तटस्थ र निरपेक्षजस्तो देखिने यो तर्कको भित्री संरचना भने गहिरो रूपमा ऐतिहासिक असमानतालाई बिर्सने र विशेषाधिकारलाई स्वाभाविक बनाउने चेतनाबाट जन्मिएको देखिन्छ। यो तर्क तथ्यमा होइन, इतिहासले निर्माण गरेको विभेदकारी मानसिकतामा आधारित छ।

आधारभूत प्रश्न यहाँ अनिवार्य रूपमा उठ्छ। योग्यता के साँच्चै सामाजिक र ऐतिहासिक सन्दर्भभन्दा अलग हुन्छ ? योग्यता कसले निर्धारण गर्छ ? कुन सामाजिक अनुभव, कुन सांस्कृतिक पृष्ठभूमि र कुन वर्गीय स्थानबाट निर्धारण हुन्छ योग्यता ? योग्यता निर्धारण गर्ने संस्था, मापदण्ड र निर्णय प्रक्रियामा को-को हाबी छन् ? यी प्रश्नको गम्भीर विश्लेषण नगरी केवल 'मेरिटोक्रेसी'को नारा लगाउनु भनेको धरातलीय यथार्थलाई आँखा चिम्लनु हो, वा नियत नै सफा छैन भन्ने संकेत हो।

समावेशीकरणलाई अयोग्यताको सिद्धान्त ठान्ने दृष्टिकोणले दलित, जनजाति, महिला, मधेशी, मुस्लिम तथा अन्य सीमान्तकृत समुदाय कमजोर, कमसल र प्रतिस्पर्धा गर्न अक्षम छन् भन्ने मान्यता स्वीकृत गर्छ। यो कुनै वैज्ञानिक सत्य होइन, इतिहासनिर्मित पूर्वाग्रह हो। आज यी समुदायबाट योग्य प्राध्यापक, अनुसन्धानकर्ता, प्रशासक, न्यायाधीश, पत्रकार, राजनीतिज्ञ र अन्य पेसागत क्षेत्रमा अब्बल व्यक्ति निरन्तर उत्पादन भइरहेका छन्। त्यसैले, योग्यता केही निश्चित जात र वर्गको स्वाभाविक गुण हो भन्ने सोच विशेषाधिकारको अवचेतन रक्षा मात्र हो। यो तर्क अब बौद्धिक रूपमा थोत्रो र नैतिक रूपमा अस्वीकार्य भइसकेको छ।

समावेशीकरणको तर्कले कहिल्यै पनि 'हिजो छानिएका सबै अयोग्य थिए' भन्दैन। तर, गम्भीर प्रश्न भने उठ्छ। यदि विश्वविद्यालयदेखि राज्यका निर्णायक निकायसम्म सधैं योग्य मात्र छानिँदै आएका थिए भने विश्वविद्यालयको दयनीय अवस्था, कमजोर अनुसन्धान संस्कृति, बौद्धिक उत्पादनको खडेरी, प्रशासनिक अकर्मण्यता र समग्र राज्य संयन्त्रको संकटको जिम्मेवारी कसको हो ? के यो एकाधिकारमा रहेको 'योग्यता'ले उत्पादन गरेको संरचनागत समस्या होइन ? यदि होइन भने यसको जवाफ कसले दिन्छ ?

■ समस्या योग्यता होइन

समस्या योग्यता परिभाषा गर्ने संरचना हो। योग्यता पहुँच, अवसर, भाषा, सामाजिक सञ्जाल, आर्थिक अवस्था र सांस्कृतिक पुँजीसँग गहिरो रूपमा गाँसिएको हुन्छ। असमान मैदानमा सबैलाई एउटै प्रतिस्पर्धामा उभ्याएर नतिजा निकाल्नु नै अन्याय हो। समावेशीकरण प्रतिस्पर्धाको विरोध होइन; प्रतिस्पर्धालाई न्यायपूर्ण बनाउने संरचनात्मक उपाय हो। समावेशीकरण 'भाग पुऱ्याउने' व्यवस्था होइन, यसको उद्देश्य प्रतिस्पर्धात्मक क्षमता भएका व्यक्तिमध्येबाट ऐतिहासिक रूपमा बहिष्कृत समुदायको सुनिश्चित प्रतिनिधित्व गर्नु हो। यो दयाको राजनीति होइन, संरचनात्मक न्यायको अभ्यास हो। योग्यता र समावेशीकरण एक-अर्काका विरोधी होइनन्, बरु एक-अर्काका पूरक हुन्। तर, समावेशीकरणका नाममा भएका दुरुपयोगलाई नकार्न मिल्दैन। पारदर्शिता र स्पष्ट मापदण्डविना केवल पहिचानका आधारमा निर्णय भएका उदाहरण प्रशस्त छन्। गरिजाप्रसाद कोइरालाले ०६४ मा खस-आर्य कोटाबाट सभासद् बन्नु, पटक-पटक प्रधानमन्त्री भइसकेको व्यक्ति समानुपातिक सूचीमा पर्नु समानुपातिक प्रणालीको घोर उल्लंघन र अमानक तजबिजी थियो। आज केसीको प्रसंग पनि यही प्रवृत्तिको निरन्तरता हो। यस्ता अभ्यासकै आधारमा समानुपातिक प्रणाली सुधार गर्ने आलोचनात्मक विमर्श सुरु गर्नु अपरिहार्य छ।



> समावेशीकरणविना समानुपातिक प्रतिनिधित्व केवल संख्यात्मक उपस्थितिमा सीमित रहन्छ, जहाँ शक्तिशाली समूहकै अनुहार दोहोरिइरहन्छन्। समानुपातिकविना समावेशीकरण घोषणामै मात्र सीमित रहन्छ।

समाधान

अहिल्यै समावेशीकरण हटाउने होइन, यसलाई अझ पारदर्शी, प्रतिस्पर्धात्मक र उत्तरदायी बनाउने हो। स्पष्ट मापदण्ड, खुला प्रतिस्पर्धा, निष्पक्ष मूल्यांकन र सार्वजनिक जवाफदेहितामार्फत मात्र योग्यता र न्यायबिच कृत्रिम रूपमा सिर्जना गरिएको द्वन्द्व अन्त्य गर्न सकिन्छ। के सीमान्तकृत समुदाय अझै पनि औषधिको गलत प्रयोग देखेर उपचार पद्धति नै खारेज गर्नु गलत हुन्छ। समस्या प्रणाली होइन, प्रणाली कब्जा गर्ने राजनीतिक संस्कार हो। चिन्ताजनक कुरा के हो भने समावेशीकरणलाई 'प्रतिस्पर्धा गर्न नसक्नेहरूलाई अघि सार्ने व्यवस्था' भनेर चित्रण गरिँदै छ। यसले योग्य सीमान्तकृत व्यक्तिलाई पनि सधैं शंकाको दृष्टिले हेर्ने वातावरण बनाउँछ। यो राजनीतिको सुनियोजित तेजोवध गर्ने भाष्य हो। पहुँचवाला पार्टी र तिनका नेताले समानुपातिक प्रणालीको दुरुपयोग गरेर त्यसलाई आफ्ना अयोग्य मान्छेलाई भर्ती गर्ने र भित्र छिराउने ढोकाका रूपमा प्रयोग गरे। यसर्थ, यो तीतो सत्यले समानुपातिक समावेशी प्रणालीप्रति अविश्वास र आलोचना बढेको भने पक्कै हो।

औपचारिक शिक्षामा सर्वत्र अयोग्य मात्र छन् ? के हिजोको सामाजिक अवस्थामा कुनै परिवर्तन आएको छैन ? यदि परिवर्तन आएको छ भने अझै पनि 'योग्यता केही निश्चित जात र वर्गको सम्पत्ति हो' भन्ने त(र्क कसरी वैज्ञानिक, नैतिक वा बौद्धिक हुन सक्छ ?

महत्त्वपूर्ण कुरा के हो भने योग्यता अब कुनै जात, वर्ग वा लिंगको अधीनमा सीमित छैन। योग्यता सामाजिक संरचनाभित्र निर्माण हुने प्रक्रिया हो, जहाँ पहुँच, अवसर, भाषा, पुँजी, सञ्जाल र इतिहास निर्णायक हुन्छन्। त्यसैले, समावेशीकरण योग्यताको विरोध होइन, योग्यता उत्पादन हुने असमान संरचनाको पुनर्संरचनाको प्रयास हो।

समावेशीकरण र समानुपातिक प्रतिनिधित्वलाई एउटै अर्थमा बुझ्ने वा एकले अर्कोलाई विस्थापन गर्ने प्रवृत्ति खतरनाक छ। समावेशीकरण दार्शनिक-सामाजिक मूल्य हो। राज्य र समाजका सबै संरचनामा बहिष्कृत समुदायको अर्थपूर्ण उपस्थिति सुनिश्चित गर्ने सामाजिक र नैतिक सिद्धान्त हो। समानुपातिक प्रतिनिधित्व भने संस्थागत-प्राविधिक उपाय हो। जनसंख्या र सामाजिक संरचनाको अनुपातमा राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्ने संवैधानिक प्रणाली हो।

समावेशीकरणविना समानुपातिक प्रतिनिधित्व केवल संख्यात्मक उपस्थितिमा सीमित हुन्छ, जहाँ शक्तिशाली समूहकै अनुहार दोहोरिन्छन्। समानुपातिकविना समावेशीकरण घोषणामा सीमित रहन्छ। त्यसैले, समावेशीकरण लक्ष्य हो भने समानुपातिक प्रतिनिधित्व त्यसलाई प्राप्त गर्ने प्रमुख माध्यम र तरिका हो। नेपालजस्तो जातीय, लैंगिक, क्षेत्रीय र वर्गीय विविधता भएको समाजमा यी दुवै अपरिहार्य र अन्तरनिर्भर छन्। यी ऐतिहासिक असमानता सुधार गर्ने संक्रमणकालीन न्यायका प्रभावकारी उपकरण हुन्।

■ निष्कर्ष

समावेशीकरण र समानुपातिक प्रतिनिधित्व न त समानार्थी हुन्, न त एक-अर्काका विकल्प। यी दुवै एउटै लोकतान्त्रिक यात्राका दुई पांग्रा हुन्। एउटाविना अर्को अधुरो हुन्छ, एउटा मूल्य हो, अर्को उपाय हो। लोकतन्त्र केवल मतको खेल होइन, न्यायपूर्ण प्रतिनिधित्वको अभ्यास पनि हो। पहुँचवालाहरूले आरक्षित कोटा खोज्नु समानुपातिक समावेशिताको नकारात्मक प्रयोग मात्र होइन, लक्षित समुदाय, वर्ग र सीमान्तकृत जातिमाथिको घोर अन्याय, घात र वज्रपात पनि हो। समानुपातिक समावेशी तरमाराहरूका लागि होइन, भुइँमान्छेका लागि हो। कहिल्यै अवसरको मुख नदेख्नेहरूको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि हो। समावेशी र समानुपातिक अवसर कुनै पनि दलका बारम्बार अवसर लिइसकेका 'एलिट' अनुहारहरूको निजी पेवा होइन, यो न दलित, न महिला, न मुस्लिम, न मधेशी, न सीमान्तकृत समुदायका नाममा सधैं आफू मात्र अघि सर्न खोज्नेहरूको दाइजो, पेवा र बपौती मात्र हो। समावेशीकरणविरुद्धको तर्क इतिहास बिर्सिएको चेतनाको उपज हो।

---

३ प्रश्न

राजनीतिक विश्लेषक
श्याम श्रेष्ठलाई



■ ठुला दल संसद् पुनर्स्थापनाको पक्षमा उभिनुले के सन्देश दिन्छ ?

ठुला दल चुनावका लागि तयार नै छैनन्। उनीहरूमा दोधारे मानसिकता देखिन्छ। एमाले र काग्रेसले एकातिर निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता पनि गराएका छन् भने अर्कातिर सर्वोच्च अदालतमा रिट पनि हालेका छन्। उनीहरूमा अहिलेको अवस्थामा निर्वाचनमा जाँदा जनताले नपत्याउलान् र हारिएला भन्ने ठुलो त्रास छ। यस्तो अवस्थामा बरु संसद् पुनर्स्थापना भइदिए थप दुई वर्षसम्म सत्तामा बसेर त्यसपछि निर्वाचनमा जाँदा सहज हुन्छ भन्ने उनीहरूको भित्री सोचको उपज हो यो दौडधुप।

■ दलहरू ताजा जनादेश लिनबाट यसरी किन डराएका होलान् ?

यिनले विगतमा लोकप्रिय काम केही गरेका छैनन्। जनताका पक्षमा राम्रा निर्णय गरेका छैनन्। सत्तामा पुग्दा भ्रष्टाचारसिवाय केही गरेका छैनन्। उनीहरूमा भर्खरैको जेन-जी आन्दोलनको त्रास पनि छ। जनताप्रति विश्वास छैन। त्यसले गर्दा उनीहरू ताजा जनादेश लिनबाट डराइरहेका हुन्। अहिले पुनर्स्थापना गराउन सकिए दुई वर्षसम्म केही काम गरेजस्तो देखाएर निर्वाचनमा जाँदा सहज हुन्छ भन्ने उनीहरूको विश्वास छ। तर, कथं पुनर्स्थापना भइहालेमा पनि अर्को आन्दोलन हुन सक्छ। यस्तोमा उनीहरूले त्यो आन्दोलन थेग्न सक्लान् या नसक्लान्, त्यो बेग्लै विषय हो।

■ दलहरूका यस्ता गतिविधिले २१ फागुनको निर्वाचन बिथोलिने सम्भावना कति देख्नुहुन्छ ?

अदालतले कस्तो फैसला दिन्छ, निर्वाचनको भविष्य त्यसैमा निर्भर हुन्छ। दलहरूको मागविपरीत फैसला आएमा उनीहरू निर्वाचनमा जान बाध्य हुन्छन्। तर, अदालतमा दलका न्यायाधीश छन्। सबै दललाई आआफ्ना न्यायाधीशले आफूनै पक्षमा फैसला दिने आशा हुन सक्छ। अहिले नै २१ फागुनको निर्वाचन बिथोलिने बाटोतिर गइसकेको छैन। जनता निर्वाचनका पक्षमा गइसकेको हुनाले यो त्यति सजिलै बिथोलिन सम्भव पनि छैन।

प्रेरक प्रसंग

साधुका उत्तराधिकारी

एक साधुको आश्रममा सयौं शिष्य थिए। उनीहरू सबै सात्विक नियमको अनुशासन पालनासँगै पूजाआजा र धार्मिक अनुष्ठानमा पनि सहभागी हुन्थे। उनीहरूमध्ये एक शिष्य भने मदिराप्रेमी थिए। उनी अनुशासनको खासै पालना गर्दैनथे। पूजापाठ र धार्मिक अनुष्ठानमा पनि उनको सहभागिता न्यून नै हुने गर्थ्यो। अध्ययन कार्यमा भने उनी निकै तीक्ष्ण थिए।



साधु वृद्ध हुँदै थिए। उनले आफूपछि कसलाई आफ्नो ज्ञानको रहस्य बताउलान् र आफ्ना उत्तराधिकारी घोषित गर्लान् भनेर आश्रममा सबैले आआफ्नै हिसाबले अनुमान लगाइरहेका थिए। धेरैले उनका केही प्रिय र गुणी शिष्यमध्ये कोही उनका उत्तराधिकारी बन्ने अनुमान लगाइरहेका थिए।

तर, साधुले आफ्ना तिनै मदिराप्रेमी शिष्यलाई बोलाएर आफ्नो ज्ञानको रहस्य बताए उनैलाई आफ्नो उत्तराधिकारी घोषित गरिदिए। साधुको यो निर्णय स्विकार्न बाँकी शिष्यलाई कठिन भयो। उनीहरूले साधुको विरोध गर्दै आआफ्नो आक्रोश पोख्न सुरु गरे। एक शिष्यले त क्रोधित हुँदै भने- एक साधु भएर पनि हाम्रा गुरुले एक मदिराप्रेमीलाई कसरी आफ्ना उत्तराधिकारी घोषित गर्न सक्नुभएको होला ? के उहाँले आश्रममा कुनै अनुशासित र गुणी शिष्य देख्नुभएन ?

शिष्यहरूका यस्ता प्रतिक्रिया साधुका कानमा पनि पुगे। उनले आश्रमका सबै शिष्यलाई एकै ठाउँमा बोलाएर भने- मेरा प्रिय शिष्य हो, मैले मसित भएको रहस्य उसैलाई बताउन सक्थें, जसलाई मैले सबै कोणबाट बुझेको या जानेको छु। तपाईंहरू सबै निकै ज्ञानी र गुणी हुनुहुन्छ। अनुशासित पनि हुनुहुन्छ। तपाईंहरू सबैले जहिल्यै आफ्नो राम्रो पक्षलाई मात्र मेरा अगाडि देखाउनुभयो। आफ्ना कमी-कमजोरी कहिल्यै अगाडि आउन दिनुभएन। जसले गर्दा मैले तपाईंहरूलाई आधा मात्र चिन्न सकेको छु। यो अवस्था अलिक खतरनाक पनि हुन्छ। किनकि, प्रायः राम्रा गुणका पछाडि घमण्ड, असहिष्णुता, ईर्ष्या आदि लुकेका हुन्छन्। त्यसैले, मैले जुन शिष्यको राम्रा, नराम्रा सबै पक्ष देख्न पाएको छु, उसैलाई मैले सबैभन्दा राम्रोसित बुझेको छु। त्यसैले, मैले यस्तो निर्णय गरेको हुँ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अन्य काण्डमा पनि छानबिन होस्

यतिखेर केही भ्रष्टाचारका फाइल अगाडि बढिरहेका देखिन्छन्। यो सरकारात्मक सन्देश हो। तर, जेजति फाइल तदारुकतासाथ खोलिनुपर्ने थियो, त्यसबारे त्यति चासो दिइएजस्तो लाग्दैन। मुद्दा अघि बढेका काण्डमा पनि मुख्य आरोपीलाई उन्मुक्ति दिन खोजिएजस्तो देखिन्छ। यसतर्फ सरोकारवाला निकायको ध्यान जाओस्। साथै, यो वा ऊ नभनी भुटानी शरणार्थी प्रकरण, गिरिबन्धु चियाबगान, वाइडबडीलगायत सम्पूर्ण काण्डको यथार्थ छानबिन गरेर दोषीलाई कानुनी कठघरामा उभ्याउन आलटाल नगरौं।

● **अरनिको महर्जन**, कीर्तिपुर, काठमाडौं

जति बिगो गरे पनि सामान्य धरौटी वा सफाइमा छुट्छन्। किनकि, यो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ नेपाल हो।

● **जनक ओझा**

जनताले यति त बुझ्नुपर्ने हो। बहुमतको सरकार भए मात्र सबै भ्रष्टाचारी र अपराधी खोरमा पुग्नेछन्।

● **इन्द्रदेव कुशवाह**

जनताको पक्षमा फैसला आउन पनि नयाँ दल वा काग्रेस र एमालेबाहेकको पूर्ण सरकार बन्नुपर्छ। नत्र, मुद्दा नै चलाइन्न। जुन हिजो देखिएकै छ।



● **जीवनज्योति बाँस्तोला**

मुख्य खेलाडी अनुसन्धानबाट बाहिरै राखेर सरकार किन यसरी डराएको होला ?

● **निलेन्द्र प्याकुरेल**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

ताजा निर्वाचनमा जाऊ

एमाले विघटित प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा खुलेर उभिएको देखिन्छ। तर, विगतमा पटक-पटक प्रतिनिधिसभा विघटन गरेका नेताको पार्टीले यसरी निर्वाचनलाई भन्दा पुनर्स्थापनालाई मुख्य एजेन्डा बनाउनु कुनै हालतमा ठिक होइन। प्रतिनिधिसभा जेन-जी आन्दोलनको रापतापमा राष्ट्रपतिबाट विघटन भएको हुनाले त्यसलाई पुनर्स्थापना गराउन बल लगाउनुभन्दा त ताजा जनादेशमै जानु उत्तम विकल्प हो। तर, एमालेले जनतामाझ जाँदा आफू दुत्कारिने भयले पुनर्स्थापनाको रट लगाइरहेको छ।

यतिखेर नेपाली काग्रेस पनि बिस्तारै एमालेपथमै लतारिन लागेको देखिन्छ। हुन त ऊ विगतमा पनि एमालेको बैसाखी बनेर सत्तामा गएकै हो। अहिले पनि उसले पार्टीका तर्फबाट संस्थागत निर्णय नभए पनि भित्रभित्रै पुनर्स्थापनाको पक्षमा लबिङ गरिरहेको देखिन्छ। काग्रेसका तर्फबाट केही सांसदले पुनर्स्थापनाका लागि रिट हालेका छन् र अहिले उसले पुनर्स्थापनाको पक्षमा भित्रभित्रै हस्ताक्षर अभियानसमेत चलाइरहेको बुझिन्छ। ताजा जनादेशमा जाने संस्थागत निर्णय गरिसकेको काग्रेसजस्तो लोकतान्त्रिक दलले यसरी प्रतिगमनको बाटोमा फर्किन खोज्नु किमार्थ ठिक हुँदैन।

काग्रेस एमालेको पुच्छर बनेर पुनर्स्थापनाको पक्षमा दौडिनुभन्दा खुरुक्क निर्वाचनको तयारीमा लाग्नुपर्छ। आखिर अधिकांश निर्वाचन क्षेत्रबाट उसका उम्मेदवार पनि सिफारिस भइसकेकै छन्। यस्तोमा लोकतान्त्रिक पार्टीका हैसियतमा काग्रेसले अब आसन्न महाधिवेशन सम्पन्न गरी तत्काल निर्वाचनको तयारीमा जुट्नुपर्छ। काग्रेसका लागि अबको उत्तम विकल्प यही नै हो।

● **सरस्वती चौलागाईं**, कुसुन्ती, ललितपुर

कसरी जोगाउने हिंसापछिको आघातबाट समाजलाई ?

सामूहिक हिंसापछि पीडित परिवारमा पर्ने आघात र पीडामा मिडिया र सामाजिक सञ्जालमार्फत डर, क्रोध र अनिश्चितता थपिन सक्छ



देश/विदेश

● तारा-लिन क्यामिलेरी

आइतबार सिड्नीको बोन्डोई समुद्री तटमा भएको अतिवादी हमलाजस्ता सामूहिक हिंसापछि पीडित परिवारमा परेको आघात र पीडा लामो समयसम्म रहनेछ। मिडिया र सामाजिक सञ्जालमार्फत डर, क्रोध र अनिश्चितता फैलिने गर्छ। यसले बाँचेकाहरू र लक्षित समुदायमा पर्ने हानिलाई अझ तीव्र बनाउन सक्छ। यहाँ केही तरिका छन्, जसमार्फत पीडितले न्यून क्षति भोग्न सक्छन्।

■ पीडा एक तरंग

प्रकोप र सामूहिक हिंसाबारे गरिएका अनुसन्धानले देखाउँछन् कि पीडा प्रत्यक्ष रूपमा प्रभावित व्यक्तिभन्दा बाहिर पनि तरंग हुन सक्छ। धेरै मानिसका लागि यो वास्तविक तर अस्थायी हो भने कतिपयका लागि लामो समयसम्म रहन सक्छ। जोखिममा छिटो प्रतिक्रिया दिन मानव खतरा पत्ता लगाउने प्रणाली विकसित भएका छन्, यसले मानवीय क्षतिलाई न्यून गर्न सहयोग गर्छ।

जब खतरा प्रणाली सक्रिय हुन्छन्, तिनले शरीरलाई परिचालन गर्छन् र सम्भावित खतराप्रति ध्यान केन्द्रित गर्छन्। हिंसापछिको आघातबाट व्यक्तिले उच्च सतर्कता महसुस गर्न सक्छ, निद्रा गुमाउँछ, खराब विचार वा तस्बिरले मनमा डेरा जमाइरहन्छ, शारीरिक रूपमा थकित र चिडचिडाहट महसुस हुन्छ। यी प्रतिक्रियाले व्यक्तिको शक्ति क्षीण हुन्छ। यी पीडाको समयमा अनिश्चितता अनुभव गर्नु स्नायु प्रणालीका सामान्य ढाँचा हुन्।

बोन्डोईमा भएको आतंकवादी आक्रमणपछि मानिसहरू समाजमा के भइरहेको छ, को जोखिममा छन् र भविष्यपछि के गर्ने भन्ने विषयमा अन्योलमा छन्। यसले मानिसलाई लामो समय अस्थिर बनाउन सक्छ। विद्यमान संकटलाई सञ्चार माध्यमले थप अतिरञ्जित गरेका छन्। सामूहिक हिंसाबारे मिडिया कभरेजले निम्त्याउने जोखिम आघातपछिको तनावका लक्षणसँग मेल खाने गरेको विभिन्न अनुसन्धानले देखाएका छन्। यस्तो आघात प्रत्यक्ष रूपमा पीडित नभएका व्यक्तिमा पनि देखा पर्न सक्छ।

■ दूरीले पनि अर्थ राख्ने

हिंसात्मक वा गोलीबारीका घटना भएका स्थानले पनि समाजमा पर्न सक्ने आघातलाई प्रभाव पारेको हुन्छ। यसमा तपाईंले के देख्नुभयो वा सुन्नुभयो, महसुस गरिएको जोखिम समावेश छ। बाँचेकाहरू र शोक सन्तप्त परिवारका लागि प्रारम्भिक चरणमा प्रायः आघात र शोकले प्रभुत्व जमाउँछ।

प्रारम्भिक झुटा दाबी सच्च्याइसकेपछि पनि त्यसको असर भावनात्मक रूपमा रहिरहन सक्छ। किनभने, उच्च तनावले भावनात्मक स्मरणलाई बलियो बनाउँछ। सामाजिक सञ्जालले यी गतिशीलतालाई अझ तीव्रता दिन्छ। तत्काल र भावनात्मक रूपमा 'मोडिफाई' गरिएका सामग्री ढिलो पुग्छन्। किनकि, धेरैजसो प्लेटफर्मले शुद्धताभन्दा बढी सतही सूचनालाई पुरस्कृत गर्छन्।

उदाहरणका लागि सिड्नीका एक व्यक्ति नाबिद अक्रमलाई सामाजिक सञ्जालमा कथित बोन्डोई समुद्र तट बन्दुकधारीमध्ये एक भएको झुटो आरोप लगाइएको थियो, दुर्व्यवहारको निसाना बनाइएको थियो, जसका कारण उनी घरबाहिर निस्कन डराए। कृत्रिम बुद्धिमत्ता (एआई) उपकरणले भ्रम थप्न सक्छन्। उदाहरणका लागि एक्सको च्याटबोट ग्रोकले आक्रमणकारीलाई निःशस्त्र पार्ने एक दर्शकलाई गलत पहिचान गऱ्यो र आक्रमणको प्रमाणित फुटेजलाई गलत लेबल लगायो। यसले संकटको समयमा द्रुत गतिमा बढिरहेका एआई आउटपुटहरू गलत हुन सक्छन् भन्ने सम्झना गराउँछ। बलिको बोका बनाउने अर्को सामान्य प्रतिक्रिया हो- एक व्यक्तिको कार्यका लागि सम्पूर्ण समूहलाई दोष लगाउने। यसले पनि हिंसाको आघात लामो समयसम्म समाजमा रहने संकेत गर्छ। गहिराइमा नपुगी सतही रूपमा अरूमा दोष थोपर्ने संस्कारले अनिश्चितता बढाउनुका साथै निर्दोष मानिसका लागि जोखिम बढाउन सक्छ।



■ सामान्य हानि कसरी कम गर्ने ?

विपत् मनोविज्ञानले घटनालाई आकार दिने अवस्थाबाट अलग गर्छ। ती अवस्थामा सुरक्षा, विश्वास, सम्बन्ध र व्यवस्थित एक्सपोजर समावेश छन्। विपत् प्रतिक्रियामा व्यापक रूपमा प्रयोग हुने मनोवैज्ञानिक प्राथमिक उपचारले अभिभूत भएको भावना कम गर्ने, सामाजिक समर्थनलाई सुदृढ पार्ने र मानिसलाई भरपर्दो जानकारी र सेवामा जोड्ने कुरामा केन्द्रित छ। यी सिद्धान्त व्यक्तिमा मात्र लागू हुँदैनन्। सामाजिक रूपमा हिंसाको आघात न्यून गर्न निम्न तीन तरिका अपनाउन सकिन्छ :

१. **अवाञ्छित एक्सपोजर कम गर्नुहोस्** : ग्राफिक फुटेजको बारम्बार सेयरले बाँचेकाहरू र परिवारका लागि पीडा बढाउन सक्छ र लक्षित समुदायमा डर बढाउन सक्छ। सम्भव भएसम्म ग्राफिक्स सामग्री पुनः पोस्ट नगर्नुहोस्। त्यस्ता सामग्री सेयर गर्नुअघि सोच्नुहोस्, के यो प्रमाणित र आवश्यक छ वा केवल डरलाई बढाउँदै छ ?

२. **जानकारी ढिलो दिनुहोस्** : प्रारम्भिक जानकारी प्रायः अपूर्ण हुन्छन्। लामो समयसम्म डर निम्त्याउन सक्ने झुटा दाबी कम गर्न तत्काल दिनुभन्दा प्रमाणीकरणलाई प्राथमिकता दिनुहोस्।

३. **सामूहिक दोष लगाउनबाट जोगिनुहोस्** : हिंसाको निन्दा गर्न सम्पूर्ण समूहलाई शंकाको नजरले हेर्न आवश्यक छैन। बलिको बोका बनाउनाले विश्वास तोड्छ र जोखिम बढाउँछ। बोन्डोई समुद्री तटमा आतंकवादी आक्रमणले यसको पीडितभन्दा बाहिरकालाई डर फैलाउने उद्देश्य राखेको थियो।

(क्यामिलेरी मोनास विश्वविद्यालयमा ट्रान्स-जेनेरेसनल इफेक्ट्सकी अनुसन्धानकर्ता हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मुस्लिम महिलाको हिजाब तानेपछि विवादमा नीतिश कुमार

नयाँदिल्ली/ भारतको पूर्वीराज्य विहारका मुख्यमन्त्री नीतिश कुमार एक कार्यक्रममा एकजना मुस्लिम महिलाको हिजाब तानेर खोलेको भिडियो बाहिरिएपछि विवादमा तानिएका छन्। धेरैले नीतिशको कदमको निन्दा गरेका छन्। घटना सोमबार विहारको राजधानी पटनामा आयोजित वैकल्पिक चिकित्सा क्षेत्रका डाक्टरलाई नियुक्ति पत्र हस्तान्तरण गर्ने कार्यक्रममा घटेको थियो।

हाल सामाजिक सञ्जालमा भाइरल भिडियोमा नीतिशले बुर्का लगाएर नियुक्ति पत्र लिन आएकी डाक्टरलाई यो के लगाएको भनेर सोध्छन् र आफैँले तानेर खोलिदिन्छन्। नीतिशलाई छेउमा उभिएका एक मन्त्रीले रोक्न खोजेजस्तो पनि देखिन्छ। मञ्चमा उपस्थित अरूहरू भने यस कदमपछि हाँसेको देखिन्छ।

भिडियोलाई पहिलोपटक विहारमा नीतिशतको दलको प्रमुख प्रतिद्वन्द्वी दल 'राष्ट्रिय जनता दल (आरजेडी)'ले आफ्नो एक्स एकाउन्टमा पोस्ट गरेको थियो।

'नीतिशजीलाई के भयो ? के उनको मानसिक अवस्था पूरै बिग्रिसकेको छ वा नीतिश 'बाबु' अब १०० प्रतिशत संघी बनेका छन्,' आरजेडीले 'राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)'सँग आबद्ध व्यक्तिलाई जनाउन प्रयोग हुने संघी प्रयोग गर्दै भनेको छ। भाजपाको मातृ संगठन आरएसएस र यसका सहयोगी संगठनले लामो समयदेखि मुस्लिम महिलाले हिजाबको प्रयोगको विरुद्धमा अभियान चलाउँदै आएका छन्।

विपक्षी दल र मुस्लिम समूहले मुख्यमन्त्रीको हर्कतको निन्दा गरेका छन्। केही मुस्लिम संघसंगठनले उनको राजीनामा समेत मागेका छन्। बुधबार नै मुस्लिमको प्रतिनिधित्व गर्ने राजनीतिक दल 'अल इन्डिया मजलिस-ए-इत्तेहादुल मुस्लिमिन (एआइएमआइएम)' का सदस्यले मुम्बईमा नीतिशविरुद्ध विरोध प्रदर्शन गरे। प्रदर्शनमा उनीविरुद्ध फौजदारी अभियोग लगाउनसमेत माग भएको थियो।

इतिहासमा आज
डिसेम्बर १९



सन् १९८४ : चिनियाँ प्रधानमन्त्री झाओ जियाङ र ब्रिटिस प्रधानमन्त्री मार्गरेट थ्याचरले ब्रिटिस शासन रहेको टापु हङकङलाई सन् १९९७ मा चीनलाई फिर्ता गर्ने सम्झौतामा हस्ताक्षर गरे। सो वर्ष बेलायतले टापुलाई ९९ वर्षका लागि भाडामा लिएको समय सकिँदै थियो।

सन् १९३२ : बिबिसी बेलायतबाहिर अस्ट्रेलिया र न्युजिल्यान्डलगायत क्षेत्रमा पनि प्रसारण हुन थाल्यो।

सन् १९४१ : एडोल्फ हिट्लरले आफूलाई जर्मन सेनाको कमान्डर-इन-चिफ चुने।

सन् १९४६ : हो ची मिन्ह नेतृत्वको फौजले हनोईमा फ्रान्सेली औपनिवेशिक सेनाविरुद्ध आक्रमण गरेसँगै पहिलो इन्डोचाइना युद्ध सुरु भयो।

सन् १९६७ : दुई दिनअघि भिक्टोरियाको चेभियट तटमा पौडिने क्रममा हराएका अस्ट्रेलियाका प्रधानमन्त्री ह्यारोल्ड होल्टलाई औपचारिक रूपमा डुबेर मरेको घोषणा गरियो।

सन् १९८६ : गोर्बाचेभको खुलापन सुरु भएपछि अभियन्ता आन्द्रे ससारोभ र उनकी श्रीमती इलेना बोनरलाई गोर्कीको आन्तरिक निर्वासन अन्त्य गरेर मस्को फर्किने अनुमति दिइयो।

सन् २०१२ : पार्क गुयन-हे दक्षिण कोरियाकी पहिलो महिला राष्ट्रपति चुनिइन्।

बोल्सोनारोको जेलसजाय कटौती गर्ने विधेयक पारित

ब्रासिलिया/ ब्राजिलको कांग्रेसले २७ वर्षभन्दा लामो जेलसजाय सुनाइएका पूर्वराष्ट्रपति जैर बोल्सोनारोको जेल सजाय घटाउने विधेयकलाई अनुमोदन गरेको छ।

गत हप्ता तल्लो सदनबाट पारित भएको विधेयक बुधबार राति माथिल्लो सदन (सिनेट)ले पनि अनुमोदन गरेको छ। विधेयकलाई राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले हस्ताक्षर गरेपछि मात्र कानुन बन्छ। तथापि, लुलाले पहिले नै विधेयकमाथि भिटो प्रयोग गर्ने संकेत गरेका छन्। त्यसो भए बोल्सोनारो नजिकका कन्जर्भेटिभको बहुमत रहेको संसद्ले राष्ट्रपतिको भिटोलाई उल्ट्याउने सम्भावना छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी (प्रकाशित मिति : २०८२/०९/०४)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरवारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक (साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०९/११

बोलपत्र खोलिने मिति २०८२/०९/१३ दिउँसो ३ बजे

तपसिल

क.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणीहरु : (क) एस.एस.ग्लास एण्ड यु.पि.भि.सी. सप्लायर्स (बैंक जमानत कर्जा) -शाखा कार्यालय ठैब,** दर्ता नं. : २५७६९९/०७७/०७८, ठेगाना : महालक्ष्मी १, ललितपुर **(ख) उमर खैयाम अंसारी र समा सिद्धिकी (विविध कर्जा)** **१. उमर खैयाम अंसारी** (ना.प्र.नं. १६०३२२६९५, मिति २०५३/०१/२५ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु : मंजुर अंसारी, बाजे : रजाक अंसारी **२. समा सिद्धिकी** (ना.प्र.नं. ९४५६२, मिति २०५५/०४/०३ मा जि.प्र.का.ललितपुरबाट जारी भएको), पति : उमर खैयाम अंसारी , ससुरा : मंजुर अंसारी **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१.उमर खैयाम अंसारी : ऐ.ऐ -जमानीकर्ता** **२. समा सिद्धिकी : ऐ.ऐ -शेयरधनी/जमानीकर्ता** **३. अमन अंसारी -जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७४-१६४८८, मिति २०७४/१२/२७ मा जि.प्र.का. पर्साबाट जारी भएको), बाबु : उमर खैयाम असारी, बाजे : मंजुर असारी	समा सिद्धिकीको नाममा ललितपुर जिल्ला मालपोत कार्यलय लगनखेल, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला छम्पी गा.वि.स./न.पा. वडा नं.३(क) स्थित कि.नं. २५९ (०-९-१-० रोपनी), कि.नं. २५८ (०-९-२-० रोपनी) र कि.नं. ३२९ (०-७-०-० रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय ठैब, ललितपुर/सम्बन्धीत मालपोत नजिकको शाखा
२.	**ऋणी : दिप ट्रेडिङ्ग (विविध कर्जा) -शाखा कार्यालय धनगढी** प्रा.फ.र.नं. : २००२०/०७१/७२, ठेगाना : धनगढी उ.म.न.पा. ३, कैलाली **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु:** **१. बजारु चौधरी -जमानीकर्ता** (ना.प्र.नं. ६७१०२०/८४०७, मिति २०६५/१२/२३ मा जि.प्र.का. कैलालीबाट जारी भएको), बाबु : सिखराम चौधरी, बाजे : चचु थारु **२. भिखारी थारु -जमानीकर्ता** (ना.प्र.नं. ६०४०, मिति २०३४/०४/१७ मा जि.प्र.का. कैलालीबाट जारी भएको), बाबु : चचु थारु, बाजे : पतिराम थारु **३. असल कुमार चौधरी -प्रोप्राइटर/जमानीकर्ता** (ना.प्र.नं. ६०८६३, मिति २०६१/०६/०८ मा जि.प्र.का. कैलालीबाट जारी भएको), बाबु : भिखारी थारु, बाजे : चचु थारु **४. काली मैया चौधरी -जमानीकर्ता** (ना.प्र.नं. ५४, मिति २०४६/०२/०४ मा जि.प्र.का. कैलालीबाट जारी भएको), पति : सिखराम चौधरी, ससुरा : चचु थारु **५. जितिया थारु -जमानीकर्ता** (ना.प्र.नं. ६०४१, मिति २०३४/०५/१६ मा जि.प्र.का. कैलालीबाट जारी भएको), पति : भिखारी थारु, ससुरा : चचु थारु **६. दिपीका कुमारी चौधरी -जमानीकर्ता** (ना.प्र.नं. ६७१०२७/९५१५, मिति २०६८/०९/१९ मा जि.प्र.का. कैलालीबाट जारी भएको), पति : असल कुमार चौधरी, ससुरा : भिखारी थारु	काली मैया चौधरीको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी गा.वि.स./न.पा. वडा नं ३ स्थित कि.नं. ६३ (७३१३ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धनगढी, कैलाली/सम्बन्धीत मालपोत नजिकको शाखा
३.	**ऋणी : जे.बि.एस.बिग एग्रो ईन्डस्ट्री एण्ड मल्टी प्रोडक्ट प्रा.लि. (अधिविकर्ष कर्जा) -शाखा कार्यालय धनगढी,** दर्ता नं. : २५९०३७/०७७/०७८, ठेगाना : भजनी १, कैलाली **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. चेतराज जोशी -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ६७१०२९/९३७४, मिति २०६७/१२/२३ मा जि.प्र.का. कैलालीबाट जारी भएको), बाबु : खगेन्द्र राज जोशी, बाजे : तुलाराम जोशी **२. सरस्वती जोशी -जमानीकर्ता** (ना.प्र.नं. ६८-०१-७१-००९१९, मिति २०७१/०४/२३ मा जि.प्र.का. डोटीबाट जारी भएको), पति : चेतराज जोशी, ससुरा : खगेन्द्र राज जोशी	१. जे.वि.एस.बिग एग्रो ईन्डस्ट्री एण्ड मल्टी प्रोडक्ट प्रा.लि.को नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा. वडा नं. ५(क) स्थित कि.नं. ३३१ (०-२-०-० विगाहा), कि.नं. ३३४ (०-२-०-० विगाहा) र कि.नं. ३३६ (०-१-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. जे.वि.एस.बिग एग्रो ईन्डस्ट्री एण्ड मल्टी प्रोडक्ट प्रा.लि.को नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. २६८ (२-१०-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३. सरस्वती जोशीको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा. वडा नं. ४(ख) स्थित कि.नं. ४० (२-०-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धनगढी, कैलाली/सम्बन्धीत मालपोत नजिकको शाखा
४.	**ऋणी : मेगा इन्टरनेशनल (विविध कर्जा) -शाखा कार्यालय नयाँ बानेश्वर** प्रा.फ.र.नं. : ६९००९, ठेगाना : का.म.न.पा २४, बटु ,काठमाडौं **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. युधिर श्रेष्ठ -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. २७ ६३९०/१०८७५, मिति २०६०/०६/१२ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), बाबु: नारायण प्रकाश श्रेष्ठ, बाजे: गणेश बहादुर श्रेष्ठ **२. नारायण प्रकाश श्रेष्ठ -जमानीकर्ता** (ना.प्र.नं. ३५४५/२७८०४, मिति २०३९/१२/१६ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), बाबु : गणेश बहादुर श्रेष्ठ, बाजे : नर बहादुर श्रेष्ठ **३. सुधिर श्रेष्ठ -जमानीकर्ता** (ना.प्र.नं. ३८२३/१६०२/४५००५, मिति २०५७/०४/०३ मा जि.प्र.का काठमाडौंबाट जारी भएको), बाबु : नारायण प्रकाश श्रेष्ठ, बाजे : गणेश बहादुर श्रेष्ठ **४. कल्याणी श्रेष्ठ -जमानीकर्ता** (ना.प्र.नं. २७१०६०/४७१२, मिति २०६४/०२/०९ मा जि.प्र.का काठमाडौंबाट जारी भएको), पति : नारायण प्रकाश श्रेष्ठ, ससुरा : गणेश बहादुर श्रेष्ठ	नारायण प्रकाश श्रेष्ठको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. (डिल्लीबजार) वडा नं. ३२ स्थित कि.नं. ३२७ (१२७ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान: शाखा कार्यालय नयाँ बानेश्वर, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा
५.	**ऋणी : जौबारी टि प्रोसेसिङ ईण्डष्ट्रि प्रा.लि. (विविध कर्जा) -शाखा कार्यालय काकरभित्ता,** दर्ता नं. ३०४४४७/०७९/०८०, ठेगाना : इलाम न.पा. १०, जौबारी, इलाम **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. शुवास राई -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. २२५४, मिति २०५४/०५/१७ मा जि.प्र.का. इलामबाट जारी भएको), बाबु : शरण कुमार राई, बाजे : धनमान राई **२. धना राना मगर -जमानीकर्ता** (ना.प्र.नं.४२६६/१२४१७, मिति २०५५/०८/१० मा जि.प्र.का. उदयपुरबाट जारी भएको), पति : शुवास राई, ससुरा : शरण कुमार राई	१. शुवास राईको नाममा इलाम जिल्ला मालपोत कार्यालय इलाममा दर्ता कायम रहेको इलाम जिल्ला गोदक गा.बि.स./न.पा. वडा नं.९(क) स्थित कि.नं.३४० (१७-०-०-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २.जौबारी टि प्रोसेसिङ ईण्डष्ट्रि प्रा.लि.को नाममा इलाम जिल्ला मालपोत कार्यालय इलाममा दर्ता कायम रहेको इलाम जिल्ला गोदक गा.बि.स./न.पा. वडा नं. ९(क) स्थित कि.नं.७१ (१४-२-३-० रोपनी), कि.नं. ३९ (२०-३-२-० रोपनी), कि.नं. ३३४ (७-०-०-० रोपनी) र कि.नं. ३५० (३३-०-०-० रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय रोड, इलाम/सम्बन्धीत मालपोत नजिकको शाखा
६.	**ऋणी : न्यू अजय ट्रेड एण्ड सप्लायर्स (विविध कर्जा) -शाखा कार्यालय धनगढी,** प्रा.फ.र.नं. : ३२२५९/०७८/७९, स्थानिय व्यापार, ठेगाना : धनगढी ४, कैलाली **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. डम्बर चौधरी -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ४९५२८, मिति २०५९/०७/१० मा जि.प्र.का. कैलालीबाट जारी भएको), बाबु : टेक बहादुर चौधरी, बाजे : पुनराम चौधरी **२. रामप्यारी कुमारी डगौरा -जमानीकर्ता** (ना.प्र.नं. ५७८६६८३ (कञ्चनपुर), मिति २०५४/०८/२३ मा जि.प्र.का. कैलालीबाट जारी भएको) बाबु : लाल बहादुर डगौरा,पति : डम्बर बहादुर चौधरी, ससुरा : टेक बहादुर चौधरी	डम्बर चौधरीको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, गेटा गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. ९३२ (१६८७.६४ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धनगढी, कैलाली/सम्बन्धीत मालपोत नजिकको शाखा
७.	**ऋणी : दाधिच खाद्य भण्डार (नगद क्रेडिट कर्जा) -शाखा कार्यालय उर्लाबारी,** प्रा.फा.र.नं. : २५६८८/०७०/०७१, ठेगाना : उर्लाबारी ३, मोरङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. पवन कुमार शर्मा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ९०७०, मिति २०५९/०८/१२ मा जि.प्र.का. मोरङ्ग, उर्लाबारीबाट जारी भएको), बाबु : जस करण शर्मा, बाजे : मोहन लाल शर्मा **२. जसकरण शर्मा -जमानीकर्ता** (ना.प्र.नं. १०४४/१२७, मिति २०४६/०३/२१ मा जि.प्र.का. सुनसरीबाट जारी भएको), बाबु : मोहन लाल शर्मा, बाजे : सीता राम शर्मा **३. सीमा शर्मा -जमानीकर्ता** (ना.प्र.नं. ०५२००६/३५, मिति २०६९/१०/०९ मा जि.प्र.का. मोरङ्ग, उर्लाबारीबाट जारी भएको), पति : पवन कुमार शर्मा, ससुरा : जस करण शर्मा	जसकरण शर्माको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय वेलवारी, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ५(च) स्थित कि.नं. ५०४८ (०-०-३-० विगाहा), कि.नं. ३७७६ (०-०-७-० विगाहा) र कि.नं. ५०५० (०-०-१-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय उर्लाबारी, मोरङ्ग/सम्बन्धीत मालपोत नजिकको शाखा
८.	**ऋणीहरु : बिनीशा ट्रेड एण्ड सप्लायर्स र बिशाल बस्नेत/निलम बस्नेत (विविध कर्जा) -शाखा कार्यालय विराटनगर** **(क) विनीशा ट्रेड एण्ड सप्लायर्स,** प्रा.फ.र.नं.: ३२२१/०७०/०७१, ठेगाना: विराटनगर ३, मोरङ्ग **(ख) बिशाल बस्नेत र निलम बस्नेत,** ठेगाना : विराटनगर १, मोरङ्ग **१. बिशाल बस्नेत** (ना.प्र.नं. १७३१७, मिति २०५१/११/१६ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) बाबु : भोला बहादुर बस्नेत, बाजे : बल बहादुर बस्नेत **२. निलम बस्नेत** (ना.प्र.नं. ०५१०६६/१७०२, मिति २०६६/११/१२ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको), पति : बिशाल बस्नेत, ससुरा : भोला बहादुर बस्नेत **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. बिशाल बस्नेत -जमानीकर्ता (ऐ.ऐ.)** **२. निलम बस्नेत -प्रोप्राईटर/जमानीकर्ता (ऐ.ऐ.)**	विशाल वस्नेतको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगरमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १(क) स्थित कि.नं. ४८२१ (०-०-१४ $^{3/4}$ विगाहा) र कि.नं. ४८२४ (०-०-४-० विगाहा) क्षेत्रफल भएको घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय विराटनगर, मोरङ्ग/सम्बन्धीत मालपोत नजिकको शाखा
९.	**ऋणीहरु :** **ज्योती ग्रिल उधोग (विविध कर्जा) -शाखा कार्यालय बुटवल** प्रा.फ.नं.घ.उ.का. : ११२५६/०७१/७२, ठेगाना : बुटवल १३, रुपन्देही **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. राजु खनाल -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ४०१०१८/२०५०, मिति २०६९/०८/१४ मा जि.प्र.का.अर्घाखाँचीबाट जारी भएको), बाबु : प्रेम नारायण खनाल, बाजे : डिलाराम खनाल **२. प्रविनलता खनाल -जमानीकर्ता** (ना.प्र.नं. ४०१०१८/२०५१, मिति २०६९/०८/१४ मा जि. प्र.का. अर्घाखाँचीबाट जारी भएको), पति : राजु खनाल, ससुरा : प्रेम नारायण खनाल	१. प्रविनलताको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सेमलार गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ३८९५ (०-०-७.२५-० विगाहा) र कि.नं. ३८९७ (०-०-७-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. प्रविनलताको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स./न.पा. वडा नं. ४(ग) स्थित कि.नं. १११४ (०-१-३.७५-० विगाहा) र १११६ (०-४-११-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बुटवल, रुपन्देही/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैक आफैले सकार गर्दा समेत साविकमा बैकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/- तिरी लिन सकिनेछ।
ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

NEPAL ELECTRICITY AUTHORITY
(An Undertaking of Government of Nepal)
TRANSMISSION DIRECTORATE
HIGH VOLTAGE GRID DEVELOPMENT DEPARTMENT
KOSHI CORRIDOR 220kV TRANSMISSION LINE PROJECT

NOTICE FOR PRICE BID OPENING

Publication date: 2082/09/04 (19th December 2025)

This is to notify all the bidders who have submitted Technical and Price Bids for the bid of "Procurement of Plant Design, Supply, Installation, Testing and Commissioning of Second Circuit Stringing of Inaruwa-Basantapur-Baneshwar-Tumlingtar 220 kV Transmission Line" Contract ID No.: KOSHI/NEA/KC-5", that of all the received Technical and Price Bids, the technical bids of following bidders succeeded qualification criteria and were found to be substantially responsive. Therefore, in accordance with ITB clause 25.7, following bidders are invited in Price Bid opening at 13:00 HRS NPT of 2082/09/11 (26th December, 2025) at project office NEA Training Center, Kharipati, Bhaktapur.

Sr. No.	Name of Substantially Responsive Bidder
1	Cosmic-Hulas JV, Sanepa, Lalitpur-2, Nepal
2	Nepal Hydro & Electric Limited, Durbar Marg,Ward no: 6, Rupandehi, Lumbini Province, Nepal
3	WAIBA/GORKHA/ROYAL JV, Bijeshwari Marga, Swayambhu-15, Kathmandu, Nepal

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना ४ गते शुक्रबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) शाखा कार्यालय : माछापोखरी शाखा — **कर्जा शीर्षक : आवास कर्जा**

ऋणीको विवरण
सोम बहादुर घलेको छोरी तिर्जा घलेको बुहारी मुस्कान कुमार घलेको पत्नी नुवाकोट जिल्ला मेघाङ गा.पा. वडा नं. १ हाल, काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ५ बस्ने **प्रतिमा माया घले** (ना.प्र.नं. : २५-०१-७४-०४६२१ जारी मिति र जिल्ला : २०७४/०६/२६, नुवाकोट)

व्यक्तिगत धनजमानीकर्ताको विवरण
लाल बहादुर गुरुङको छोरी कृष्ण बहादुर गुरुङको बुहारी तेज बहादुर गुरुङको पत्नी चितवन जिल्ला कुमरोज गा.वि.स वडा नं. २ हाल, काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १६ बस्ने **कुमारी गुरुङ** (ना.प्र.नं. : ४१६७९ जारी मिति र जिल्ला : २०६५/०४/१५, चितवन)

२) शाखा कार्यालय : विराटनगर शाखा — **कर्जा शीर्षक : साना उद्यम कर्जा**

ऋणीको विवरण
नाम : **रोशन माछा सप्लायर्स** व्यवसायीको नाम : पार्वती सहनी दर्ता नं. : ४३०
दर्ता गर्ने कार्यालय : विराटनगर महानगरपालिका नगर कार्यपालिको कार्यालय दर्ता मिति : २०७७/१२/२६
व्यवसायको ठेगाना : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६१५७६७९९०

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) उमेश सहनीको छोरी विन्दा सहनीको बुहारी रोशन सहनीको पत्नी मोरङ्ग जिल्ला विराटनगर वडा नं. १५ हाल, विराटनगर म.न.पा. वडा नं. ११ बस्ने **पार्वती सहनी** (ना.प्र.नं. : ०५-०१-७०-१३९६३ जारी मिति र जिल्ला : २०७०/०२/१६, मोरङ्ग)
२) सुकन सहनीको नाति विन्दा सहनीको छोरा मोरङ्ग जिल्ला विराटनगर वडा नं. १५ हाल, विराटनगर म.न.पा. वडा नं. ११ बस्ने **रोशन सहनी** (ना.प्र.नं. : ज.७० जारी मिति र जिल्ला : २०६४/०२/१०, मोरङ्ग)
३) विन्दा सहनीको नाति बबलु सहनीको छोरा मोरङ्ग जिल्ला विराटनगर म.न.पा वडा नं. ११ बस्ने **सुरज कुमार सहनी** (ना.प्र.नं. :०५-०१-७६-०२५०९ जारी मिति र जिल्ला : २०७६/०१/२२, मोरङ्ग)

३) शाखा कार्यालय : विराटनगर शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण
सुकन सहनीको नाति विन्दा सहनीको छोरा मोरङ्ग जिल्ला विराटनगर वडा नं. १५ हाल, विराटनगर म.न.पा. वडा नं. ११ बस्ने **रोशन सहनी** (ना.प्र.नं. : ज.७० जारी मिति र जिल्ला : २०६४/०२/१०, मोरङ्ग)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
उमेश सहनीको छोरी विन्दा सहनीको बुहारी रोशन सहनीको पत्नी मोरङ्ग जिल्ला विराटनगर वडा नं. १५ हाल, विराटनगर म.न.पा. वडा नं. ११ बस्ने **पार्वती सहनी** (ना.प्र.नं. : ०५-०१-७०-१३९६३ जारी मिति र जिल्ला : २०७०/०२/१६, मोरङ्ग)

४) शाखा कार्यालय : काकरभिट्टा शाखा — **कर्जा शिर्षक : कृषि कर्जा**

ऋणीको विवरण
नाम : **शिव शक्ति काउ एण्ड एग्रो प्रा. लि.** अधिकार प्राप्त व्यक्ति : दुर्गा पौडेल दर्ता नं. : ३२४५३७/०८०/०८१
दर्ता मिति : २०८०/०८/२० दर्ता गर्ने कार्यालय : कम्पनी रजिस्टारको कार्यालय
ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ स्थायी लेखा नं. : ६१९८२०२९१

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) नरपति पौडेलको नाति विरेन्द्र पौडेलको छोरा झापा जिल्ला हल्दिबारी गा.पा. वडा नं. ४ बस्ने **दुर्गा पौडेल** (ना.प्र.नं. : ३५७४५४७५ जारी मिति र जिल्ला : २०६१/०४/२६, झापा)
२) रविलाल कडरियाको नाति हरि भक्त कडरियाको छोरा ताप्लेजुङ जिल्ला झाङखोप वडा नं. ४ हाल, झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं. ९ बस्ने **भिम प्रसाद कडरिया** (ना.प्र.नं. : ६७२९४/४६६ जारी मिति र जिल्ला : २०६३/०६/३१, ताप्लेजुङ्ग)
३) गणेश प्रसाद खरेलको छोरी हरि भक्त कडरियाको बुहारी भिम प्रसाद कडरियाको पत्नी झापा जिल्ला शनिश्चरे वडा नं. ९ हाल, अजुनधारा न.पा. वडा नं. ९ बस्ने **हेलेन खरेल** (ना.प्र.नं. : ०४१०१०/५५३ जारी मिति र जिल्ला : २०६५/१०/०६, झापा)
४) जय नारायण पौडेलको नाति नरपति पौडेलको छोरा झापा जिल्ला हल्दिबारी गा.पा. वडा नं. ४ बस्ने **विरेन्द्र पौडेल** (ना.प्र.नं. : १६/८/१०८०० जारी मिति र जिल्ला : २०३९/१२/१६, झापा)
५) राम प्रसाद मैनालीको छोरी नरपति पौडेलको बुहारी विरेन्द्र पौडेलको पत्नी झापा जिल्ला जलथल वडा नं. ६ हाल, हल्दिबारी गा.पा. वडा नं. ४ बस्ने **चन्द्र कला पौडेल** (ना.प्र.नं. : ००१५ जारी मिति र जिल्ला : २०४४/१२/२१, झापा)

५) शाखा कार्यालय : काकरभिट्टा शाखा — **कर्जा शिर्षक : कृषि कर्जा**

ऋणीको विवरण
नाम : **शिव शक्ति काउ एण्ड एग्रो प्रा. लि.** अधिकार प्राप्त व्यक्ति : दुर्गा पौडेल दर्ता नं. : ३२४५३७/०८०/०८१ दर्ता मिति : २०८०/०८/२० दर्ता गर्ने कार्यालय : कम्पनी रजिस्टारको कार्यालय
ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ९ स्थायी लेखा नं. : ६१९८२०२९१

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) नरपति पौडेलको नाति विरेन्द्र पौडेलको छोरा झापा जिल्ला हल्दिबारी गा.पा. वडा नं. ४ बस्ने **दुर्गा पौडेल** (ना.प्र.नं. : ३५७४५४७५ जारी मिति र जिल्ला : २०६१/०४/२६, झापा)
२) देउ शर्मा भेटवालको नाति देवी प्रसाद भेटवालको छोरा झापा जिल्ला काकडभीट्टा वडा नं. ८ हाल, मेचिनगर न.पा. वडा नं. ६ बस्ने **खगेन्द्र भेटवाल** (ना.प्र.नं. : ६४३८/११८ जारी मिति र जिल्ला : २०४६/०२/१२, झापा)
३) भुवन शर्माको छोरी देवी प्रसाद भेटवालको बुहारी खगेन्द्र भेटवालको पत्नी झापा जिल्ला मेचिनगर ना.पा. वडा नं. ६ बस्ने **सुनिता देवी भेटवाल** (ना.प्र.नं. : ०४-०१-७६-१३४३४ जारी मिति र जिल्ला : २०७६/११/११, झापा)
४) जय नारायण पौडेलको नाति नरपति पौडेलको छोरा झापा जिल्ला हल्दिबारी गा.पा. वडा नं. ४ बस्ने **विरेन्द्र पौडेल** (ना.प्र.नं. : १६/८/१०८०० जारी मिति र जिल्ला : २०३९/१२/१६, झापा)
५) राम प्रसाद मैनालीको छोरी नरपति पौडेलको बुहारी विरेन्द्र पौडेलको पत्नी झापा जिल्ला जलथल वडा नं. ६ हाल, हल्दिबारी गा.पा. वडा नं. ४ बस्ने **चन्द्र कला पौडेल** (ना.प्र.नं. : ००१५ जारी मिति र जिल्ला : २०४४/१२/२१, झापा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

वार्षिक दुई लाख टन आयोनुन आपूर्ति गर्दै साल्ट ट्रेडिङ

साल्ट ट्रेडिङबाट भइरहेको आयोनुन वितरण प्रशंसनीय छ

शिवराम पोखरेल, सहसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय



दुर्गम २२ जिल्लामा प्रतिकिलो नौ रुपैयाँका दरले आयोडिनयुक्त नुन सहजै वितरण गर्ने साल्ट ट्रेडिङको कार्य प्रशंसनीय छ। देशका अन्य भागमा पनि नुनको अभाव नहुने गरी नियमित रूपमा वितरण गरेर सार्वजनिक संस्थानको उद्देश्यअनुसार साल्ट ट्रेडिङले काम गरिरहेको छ।

■ १० वर्षमा दुर्गम जिल्लामा नुन वितरणको विवरण

आर्थिक वर्ष	लक्ष्य	वितरण	प्रगति प्रतिशत
०७२/७३	७६,७२३	७२,१६९.४८	९४.०६
०७३/७४	९३,३९१	९०,३६८.१७	९६.७६
०७४/७५	८०,२६०.५०	७७,१३८.१०	९६.११
०७५/७६	७९,९३४.४२	७७,६६९.९६	९७.१७
०७६/७७	८८,२३१.८८	८५,८९५.७५	९७.३५
०७७/७८	९६,३५१	९३,९८४	९७.५४
०७८/७९	९१,२६२	८८,२७९	९६.७३
०७९/८०	७७,४५०	७७,३९५	९९.९३
०८०/८०	८४,२३४.९०	८४,२३४.९०	१००
०८१/८२	१,०२,५००	१,०२,४६९.५०	९९.९७

स्रोत : साल्ट ट्रेडिङ कर्पोरेसन (परिमाण : क्विन्टलमा)

नयाँ पत्रिका

सरकारी स्वामित्वको साल्ट ट्रेडिङ कर्पोरेसनले वार्षिक दुई लाख टनभन्दा बढी आयोडिनयुक्त नुनको सुलभ र सहज आपूर्ति गर्दै आएको छ। स्थापनादेखि नुन कारोबार गरिरहेको कर्पोरेसनले दुर्गमका २२ जिल्लामा समेत मागअनुसार वार्षिक एक लाख क्विन्टलसम्म नुन आपूर्ति गरिरहेको जनाएको छ।

साल्ट ट्रेडिङका प्रबन्धक ब्रजेश भाले सरकारबाट प्राप्त कार्यादेशअनुसार आयोडिन नुनको नियमित आपूर्ति र वितरण गरिरहेको बताए। 'वार्षिक दुई लाख टनभन्दा बढी माग भइरहेको आयोनुन सुलभ मूल्य र सहज रूपमा उपलब्ध गराइरहेका छौं,' उनले भने।



गत आर्थिक वर्ष ०८१/८२ मा देशभर दुई लाख १० हजार टन आयोनुन बिक्री गरेको उनले जानकारी दिए।

नुनको आपूर्तिमा कुनै समस्या आउन नदिन कर्पोरेसनले ६ महिनाको माग धान्ने परिमाण नियमित रूपले मौज्दातमा राख्दै आएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव शिवराम पोखरेलले आयोनुनको आपूर्ति र वितरणमा साल्ट ट्रेडिङको भूमिका प्रशंसनीय रहेको बताए। साल्ट ट्रेडिङलाई नुनको एकाधिकार दिँदा मूल्यमा समेत सरकारले नियन्त्रण गर्न पाइरहेको उनले बताए। सरकारकै नियन्त्रणमा रहेकाले नुनको मूल्यवृद्धि हुन नपाएको मन्त्रालयको भनाइ छ।

स्वार्थ समूहको दबाबमा नुनको कारोबार निजी क्षेत्रलाई सुम्पने प्रपञ्च, अदालतको रोक

अघिल्लो सरकारले निजी क्षेत्रलाई नुनको कारोबारमा प्रवेश गराउने गरी ऐन जारी गरेको थियो। गत २ वैशाखमा मन्त्रिपरिषद्ले आयोडिनयुक्त नुन (उत्पादन तथा बिक्री-वितरण) ऐन, २०५५ लाई १ साउनबाट कार्यान्वयन गर्ने निर्णय गरेको थियो। २२ वैशाखमा उक्त निर्णयसम्बन्धी सूचना राजपत्रमा प्रकाशित भएको थियो। उक्त ऐनको दफा ४, ५ र ७ मा नुनको कारोबार गर्न इच्छुक सबैलाई अनुमति दिन सकिने व्यवस्था गरिएको छ। यो ऐन कार्यान्वयनपछि साल्ट ट्रेडिङबाहेकका उद्योगले पनि नुनको कारोबार गर्न पाउने थिए।

तर, सरकारको उक्त निर्णयविरुद्ध सर्वोच्चमा रिट परेको छ। उक्त रिटको सुनुवाइ गर्दै सर्वोच्चले १ साउनमा अन्तरिक आदेश जारी गर्दै राजपत्रमा प्रकाशित सूचना कार्यान्वयन नगर्न आदेश दिएको थियो। त्यसअघि ०७८/७९ कै बजेटबाट तत्कालीन प्रधानमन्त्री केपी ओली र अर्थमन्त्री विष्णु पौडेलले उक्त ऐन ब्युँताएर निजी क्षेत्रलाई समेत नुनको व्यापार गर्न दिने व्यवस्था ल्याएका थिए। ०६१ मै सर्वोच्च अदालतले नुनको कारोबारमा निजी क्षेत्रलाई आमन्त्रण गर्न नहुने रायसहितको फैसला गरेको थियो। नुनलाई अत्यावश्यक वस्तु भन्दै यस्तो आदेश भएको थियो।

■ पुँजी बजारबाट सरकारले पाउने आम्दानी ६२ प्रतिशत घट्यो

सेयर लगानीकर्ताले पाँच महिनामा तिरे तीन अर्ब ४४ करोड पुँजीगत लाभकर

गत आव ०८१/८२ को मंसिरसम्म पुँजी बजारबाट नौ अर्ब २० करोड सरकारी कोषमा दाखिला भएकोमा यो वर्ष करिब ६ अर्ब कम संकलन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सेयर कारोबारबाट सरकारले प्राप्त गर्ने पुँजीगत लाभकर साढे ६२ प्रतिशतले घटेको छ। चालू आर्थिक वर्षको पाँच महिनामा सरकारले सेयर कारोबारबाट तीन अर्ब ४४ करोड ६३ लाख रुपैयाँ पुँजीगत लाभकर प्राप्त गरेको हो। जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६२.५५ प्रतिशत अर्थात् पाँच अर्ब ७५ करोड ६९ लाख रुपैयाँले न्यून हो।

सेयर कारोबारमा आएको उतारचढावले पुँजीगत लाभकरलाई समेत प्रभावित गरेको देखिन्छ। गत असार मसान्तसम्म नेप्से परिसूचक २७९४.७८ विन्दुमा थियो। मंसिर मसान्तसम्म आउँदा त्यो २६०१ अंकमा सीमित भयो। लगानीकर्ताको मनोबल अझ बढ्न नसक्दा बजार अपेक्षाकृत रूपमा बढ्न सकेको छैन। यसले गर्दा पुँजीगत लाभकरसमेत घटेको जानकारहरू बताउँछन्।

जेन-जी आन्दोलनपछि सेयर बजारमा देखिएको अनिश्चितताले त्यसबाट उठ्ने कर पनि प्रभावित भएको देखिन्छ। गत वर्षको पाँच महिनामा नौ अर्ब २० करोड पुँजीगत लाभकर प्राप्त भएकोमा यस वर्षको घटेर साढे तीन अर्बमा झरेको सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी)बाट प्राप्त तथ्याकले देखाउँछ। सिडिएससीका प्रवक्ता सुरेश न्यौपानेले सेयर कारोबारमा हुने नाफाकै आधारमा कर उठ्ने बताए।

गत आर्थिक वर्ष ०८१/८२ मा कुल १६ अर्ब ५४ करोड ३७ लाख रुपैयाँ पुँजीगत लाभकर उठेको थियो। गत आवको साउनमा चार अर्ब २३ करोड ७८ लाख ६१ हजार रुपैयाँ, भदौमा दुई अर्ब ५७ करोड ९४ लाख ८० हजार रुपैयाँ, असोजमा ५८ करोड ६५ लाख ४० हजार रुपैयाँ र कात्तिकमा ७५ करोड ८७ लाख ८१ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको थियो। गत आवको मंसिरमा भने एक अर्ब चार करोड ६ लाख २३ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको थियो।

● **सुरेश न्यौपाने**, प्रवक्ता, सिडिएससी



लगानीकर्ताले कमाउने नाफामा कमी आएपछि त्यसको असर पुँजीगत लाभकर संकलनमा देखिएको छ। गत वर्षको तथ्यांकसँग विस्तृत रूपमा अध्ययन गरिएको छैन। तर, पछिल्लो समय बजारमा उत्साह देखिएको छैन। कारोबार रकम पनि कम छ। लगानीकर्ताले पनि धेरै नाफा कमाउन सकेका छैनन् होला। त्यसले गर्दा पुँजीगत लाभकर संकलनमा कमी आएको हो। लगानीकर्ताले कमाएको नाफाअनुसार नै योअनुसारको पुँजीगत लाभकर संकलन भएको हो।



मंसिरमा मात्रै लगानीकर्ताले तिरे ६२ करोड पुँजीगत लाभकर

व्यक्तिगततर्फ १७ करोड एक लाख, अल्पकालीनतर्फ ४१ करोड ४३ लाख र संस्थागततर्फबाट चार करोड ५३ लाख संकलन

मंसिर महिनामा सेयर कारोबारबाट लगानीकर्ताले सरकारलाई ६२ करोड ९८ लाख २१ हजार पुँजीगत लाभकर कर तिरेका छन्। सेयर कारोबारमा भएको नाफाबाट लगानीकर्ताले मंसिरमा सरकारलाई सोबराबरको पुँजीगत कर तिरेका हुन्।

मंसिरमा व्यक्तिगततर्फ दीर्घकालीन सेयर कारोबारबाट १७ करोड एक लाख ९० हजार रुपैयाँ र अल्पकालीन सेयर कारोबारबाट ४१ करोड ४३ लाख दुई हजार रुपैयाँ राजस्व उठेको छ। संस्थागततर्फबाट चार करोड ५३ लाख २७ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको छ। सेयर कारोबारमा हुने खुद नाफामा दीर्घकालीनतर्फ पाँच प्रतिशत र अल्पकालीनतर्फ ७.५ प्रतिशत पुँजीगत लाभकर तिर्नुपर्छ। कुनै लगानीकर्ताले सेयर किनेर एक वर्षपछि बिक्री गर्दा हुने नाफामा पाँच प्रतिशत कर तिर्नुपर्छ। यसैगरी, लगानीकर्ताले सेयर किनेको एक वर्षभित्र बिक्री गर्दा हुने नाफामा भने ७.५ प्रतिशत पुँजीगत लाभकर लाग्नेछ। संस्थागत रूपमा सेयर कारोबार गर्नेले खुद नाफाको १० प्रतिशत कर तिर्नुपर्छ।



यसबिचमा सेयर बजारमा उतारचढाव आयो। त्यसले सेयर कारोबारबाट उठ्ने कर पनि प्रभावित भएको देखिन्छ। गत असार मसान्तसम्म नेप्से परिसूचक २७९४.७८ विन्दुमा थियो। मंसिर मसान्तसम्म आउँदा त्यो २६०१ अंकमा सीमित भयो। यसबिचमा बजार घट्ने र बढ्ने भयो। यद्यपि, मंसिरमा भने यो ६१ अंकले बढ्यो। कात्तिकको अन्तिम कारोबार दिनमा नेप्से २५४०.५७ विन्दुमा थियो।

जेन-जीको आन्दोलनपश्चात् अर्थतन्त्र चलायमान बन्दै गएको छ : अर्थमन्त्री

काठमाडौं/अर्थमन्त्री रामेश्वरप्रसाद खनाललले पछिल्लो तीन महिनामा मुलुकको अर्थतन्त्र चलायमान बन्दै गएको बताएका छन्। गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनको तीन महिनामा अर्थतन्त्रमा पुनरुत्थान हुँदै गएको उनले बताएका हुन्।

गोरखापत्र संस्थानले बिहीबार आयोजना गरेको 'गोरखापत्र डिस्कोर्स'मा बोल्दै उनले यस्तो बताएका हुन्। 'यस अवधिमा करिब १० प्रतिशतले राजस्व वृद्धि भएको छ, उत्पादकत्व र उत्पादन वृद्धि भइरहेको छ, अन्तरिम सरकारले छोटो अवधिमा पनि सुधार गर्दै लगानीको वातावरण तयार गरेको भनेर लगानीकर्ताले प्रशंसा गरिरहनुभएको छ,' उनले भने। गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले मुलुकको अर्थतन्त्रमा आशाको सञ्चार गराउन 'गोरखापत्र



डिस्कोर्स' आयोजना गरेको बताए। पहिलोपटक आयोजित डिस्कोर्समा 'स्मार्ट पूर्वाधार : विकास र व्यवस्थापन', 'कस्तो मनोबल ?' र 'पुँजी परिचालन र नीतिगत सहजीकरण' विषयमा शीर्षकगत तीनवटा छलफलसत्र भएका थिए।



नबिल बैंक लिमिटेड घोराही शाखा, दाङ्गको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः : २०८२/०९/०४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

